जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक २९२ | • २०८० साल चैत्र ६ गते मंगलबार (19 March, Tuesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## प्रतिष्ठानका उपकुलपति डा. साहको शपथ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त उपकुलपति डा. अंकुरप्रसाद साहले पद तथा गोपनीयताको शपथ तथा पदभार ग्रहण गरेका छन् ।

निमित उपकुलपति समेत रहेका उनले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव समक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । शपथ लिएसंगै उनले प्रतिष्ठान पुगी पदभार ग्रहण गरेका छन् ।

स्वास्थ्य मन्त्रालयको सिफारिसमा डा. साहलाई कुलपति समेत रहेका मुख्यमन्त्री सरोजकुमार यादवले बिहीबार उपकुलपतिमा नियुक्त गरेको गरेका थिए ।

गत फागुन २१ गते स्वास्थ्य मन्त्रालयले उपकूलपतिका लागि डा. साहको नाम एक नम्बरमा राखेर सरकारलाई सिफारिस गरेको थियो । स्वास्थ्य मन्त्रालयले प्रतिष्ठानमा उपकुलपति नियुक्तिका लागि १८ असोजमा दरखास्त आह्वान गरेको थियो । जसमा १५ कात्तिकसम्म ९ जनाको दरखास्त परेको थियो । डा. रमेशप्रसाद सिंह (सर्लाही), डा.योगेन्द्रप्रसाद सिंह (सर्लाही), डा. पशुपति चौधरी (सुनसरी), डा. राजेन्द्रप्रसाद साह (पर्सा), डा. गौरीशंकर साह (सुनसरी), डा. विद्यानाथ यादव (सप्तरी), डा. रोहितप्रसाद यादव (रौतहट), डा. अंकुरप्रसाद साह (धनुषा) र डा. सुधीरकुमार सिंह (महोत्तरी)ले आवेदन दिएका थिए ।

### मधेश प्रदेश सरकारमा एमालेको इन्ट्री

# पुनर्गठित मन्त्रिमण्डलमा यादव पुरानै जिम्मेवारीमा, कांग्रेस बाहिरिए

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले पुनर्गठन गरेको मन्त्रिमण्डलमा नेकपा एमालेबाट सरोज कुमार यादव भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका यादवलाई सोमबार प्रदेश प्रमुखको निवासमा शपथग्रहण गराइएको छ ।

उनलाई मुख्यमन्त्री सरोजकुमार यादवले भौतिक पूर्वाधार विकास मन्त्रीमा नियुक्त गरेसँगै प्रदेश प्रमुख सुमित्रा भण्डारीबाट शपथ लिएका हुन् । भण्डारी सोमवार बिहान मात्र प्रदेश प्रमुखको पदभार सम्हालेकी हुन् ।

मन्त्री छान्न एमाले मधेश प्रदेश संसदीय दलको बैठकमा सकस भएको थियो । सरकारमा एमालेको नेतृत्व गर्ने जिम्मेवारी दलका नेता यादवलाई दिने सहमति भए पनि अन्य दुई जना मन्त्री चयन सहमतिबाट हुन सकेन ।

प्रदेश समितिको बैठकले सरकारमा एमालेबाट नेतृत्व गर्ने जिम्मेवारी सहित यादवलाई पठाउने निर्णय गरे पनि अन्य मन्त्रीहरुको विषयमा पछि निर्णय हुने जनाएको छ ।

मधेश प्रदेशमा एमाले सबैभन्दा ठूलो दल रहेको छ। २३ जना सभासद रहेको एमालेले विगतमा पाएकै मन्त्रालयहरु फेरि पाउने मुख्यमन्त्री यादव निकट स्रोतले जनाएका छन् । थपिने दुई मन्त्रीको छनोट होली पछि हुने स्रोतले जनाएको छ ।

मन्त्रीमा राजकुमार लेखी, लखन दास, सत्रुधन सिंह कोइरी, शारदा थापा लगायतका सभासदहरुले दाबी गरेका थिए । तर सहमति हुन नसकेको स्रोतले जनाए ।

शपथग्रहण गरेका मन्त्री यादवले मन्त्रालयमा पदभार समेत सम्हालिसकेका छन् । कांग्रेस हट्ने र एमाले सरकारमा जाने सहमति भएसँगै भौतिक पूर्वाधार मन्त्रालयका कर्मचारीहरु विदा बसेका थिए । तर मन्त्रीको पदबहालीमा अधिकांश कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।



मन्त्रालयमा उपस्थित कर्मचारीहरुलाई विकास निर्माणको कामलाई द्रुतगतिमा अगाडि बढाउन उनले निर्देशन दिए । 'मन्त्रिमण्डल पुनर्गठनले सरकारको नियमित कार्यमा कुनै फरक पर्ने छैन' उनले भने, प्रदेशमा पूर्वाधार विकासको गुणस्तरमा समेत विशेष ध्यान दिन आवश्यक छ ।'

मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता सरोज कुमार यादवको नेतृत्वमा गठन भएको सरकारमा यादव भौतिक पूर्वाधार मन्त्री बनेका थिए । मुख्यमन्त्री यादवले शपथग्रहण गरेसँगै मन्त्री बनेका यादव संघीय गठबन्धन भत्किदा सरकारबाट बाहिरिएका थिए ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले जिम्मेवारी सम्हालेका थिए । एमाले सरकारबाट बाहिरिदा कांग्रेसले तीन मन्त्रालय पाएका थिए ।

भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य र गृह, सञ्चार मन्त्रालय कांग्रेसको भागमा परेको थियो । मुख्यमन्त्री यादवले पुनर्गठन गरेको मन्त्रिमण्डलमा कांग्रेसका तीनै जना मन्त्रीको नाम हटाइएको छ । सरकारमा हाल मुख्यमन्त्री सहित १० जना छन् ।

कांग्रेस र जनमत पार्टीको भागको मन्त्रालयहरुको जिम्मेवारी पनि मुख्यमन्त्रीको जिम्मामा रहेको छ । माघ महिनामा सरकारबाट जनमत पार्टी पनि बाहिरिएको थियो । जनमतले छाडेको शिक्षा र श्रम तथा यातायात मन्त्रालय, कांग्रेसले छाडेको स्वास्थ्य र गृह सञ्चार मन्त्रालय मुख्यमन्त्री यादवले नै सम्हालेका छन् ।

मुख्यमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गरेर एमालेलाई सत्तामा प्रवेश गराएसँगै कांग्रेस सरकारबाट औपचारिकरुपमा आउट भएको छ ।

नयाँ समीकरण बने पनि मधेश प्रदेश सरकारमा नेपाली कांग्रेस सरकारमै थियो । कांग्रेसबाट प्रदेश सरकारमा रहेका कुनै पनि मन्त्रीले राजीनामा नदिएपछि मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन् ।

मन्त्रिमण्डलमा एमालेबाट तीन जना थपिन सक्ने संभावना रहेको छ । माओवादीको भागमा समेत एउटा मन्त्रालय बढ्ने बताइन्छ । मुख्यमन्त्री यादवले सम्हालेका चार वटा मन्त्रालयको बाँडफाँट हुन बाँकी रहेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालबाट एकजना मात्र मन्त्री छन् । संघीय सरकारमा प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लाई विश्वासको मत नदिएको लोसपाले प्रदेश सरकार भने छाडेको छैन । प्रदेश सरकारलाई भत्काउन लोसपाले गरेको प्रयास असफल भएपछि पार्टीमा आन्तरिक अविश्वास बढेको छ । लोसपा छाडेर राजेन्द्र महतो अभियानमा लागिसकेका छन् । तर उनका समर्थकपनि प्रदेश सभासद रहेका छन् ।

## पूनर्गठित मन्त्रिमण्डल

| | | |
|---|---|---|
| सरोज कुमार यादव | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>शिक्षा तथा संस्कृती मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>गृह सञ्चार तथा कानुन मन्त्रालय<br>श्रम तथा यातायात मन्त्रालय |
| सरोज यादव | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| सञ्जय कुमार यादव | मन्त्री | अर्थ मन्त्रालय |
| गोविन्दबहादुर न्यौपाने | मन्त्री | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| सुरिता कुमारी साह | मन्त्री | खेलकुद तथा समाजकल्याण मन्त्रालय |
| सिंहासन सा कलवार | मन्त्री | उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय |
| रमेश प्रसाद कुर्मी | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| सुनिता यादव | मन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |
| शेख अब्दुल कलाम आजाद | राज्यमन्त्री | सिंचाई तथा खानेपानी मन्त्रालय |
| रहबर अन्सारी | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |






# शिक्षा, स्वास्थ्य र वातावरणको अधिकार सुनिश्चितताको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशले मधेश प्रदेश सरकारलाई शिक्षा, स्वास्थ्य र वातावरणको अधिकार सुनिश्चितता लागि सोमबार ज्ञापनपत्र बुझाएका छन् ।

इ न स े क ल े सप्तरीको डाक्नेश्वरी र शम्भुनाथ नगरपालिका नगरपालिका र धनुषाको मिथिला नगरपालिका र वटेशवर गाउँपालिकामा सञ्चालित मानव अधिकार शिक्षा कार्यक्रम अन्तर्गत गठन गरेको मानव अधिकार समूहबाट प्रतिनिधित्व गर्दै काम गर्दै आएको मानव अधिकार समूहले मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रालयका उपसचिव महेन्द्र महतोलाई ज्ञापनपत्र बुझाएको मानव अधिकार समूहका प्रदेश अध्यक्ष देविमाया भट्टराईले बताइन् ।

स्थानीय तहले गर्न नसक्केका कामहरु प्रदेश सरकारका मार्फत निराकरणका लागि ज्ञापनपत्र बुझाइएको छ । शिक्षक दरबन्दी, नदी दोहन र अवैध उत्खनन विरुद्ध प्रभावकारी नीति, स्वास्थ्य तर्फको जनचेतनामूलक कार्यक्रमहरु समेटिएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, मानव अधिकारको पाँचौ राष्ट्रिय कार्ययोजना निर्दिष्ट गरेको नागरिकका हक तथा अधिकारहरु पूरा गराउनु वाञ्छनीय भएको र राज्यको दायित्व समेत रहेकोले प्रदेश सरकारलाई यथाशीघ्र माग सम्बोधन गर्न उनीहरुको आग्रह रहेको थियो ।

"हामीहरु पनि यसै बिषयमा काम गरिरहेका छौं । यहाँहरुको काम पनि सराहनीय रहेको शिक्षा तथा सांस्कृति मन्त्रालयका उपसचिव महेन्द्र महतोले बताए । उनका अनुसार यहाँहरुको माग सम्बोधनका लागि मन्त्रालयमा नयाँ मन्त्री आउनसाथ प्रभावकारी ढङ्गले कार्यन्वयन गरिने बताए ।

# 'संविधान संशोधन गरी निर्वाचन प्रक्रियालाई सुधार गर्नु आवश्यक'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली काग्रेसका केन्द्रीय सदस्य डिला संग्रौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले छल गरेर नेकपा एमालेसंग गठबन्धन गरेको आरोप लगाएकी छन् ।

सोमबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै केन्द्रीय सदस्य संग्रौलाले प्रधानमन्त्री प्रचण्डलाई प्रतिक्रियावादीको संज्ञा दिए ।

उनले अहिलेको गठबन्धन सरकारमा चोर र ठगलाई पनि मन्त्री बनाएकोले यसले जनताको लागि काम गर्ने आफुलाई विश्वास नरहेको दाबी गरिन् ।

सहकारी ठगी गरेको र सुन तस्करीमा संलग्न भएकाहरु मन्त्री रहेकाले उनीहरुले तत्काल राजिनामा



दिनु पर्ने नेतृ संग्रौलाले बताइन ।

संसदीय व्यवस्था समस्या रहेको भन्दै प्रश्न उठिरहेकोले संविधान पुनरावलोकन हुनु पर्नेमा उनले जोड दिइन् ।

अहिले कुनै पनि दलको बहुमत नहुँदा सरकार बनाउने राजनीति खेल भएको भन्दै जनताको समस्या ओझेलमा परेको छ, नेतृ संग्रौलाले भनिन्, 'संविधान संशोधन गरी निर्वाचन प्रक्रियालाई सुधार गर्नु आवश्यक छ।'

काांग्रेससंगको गठबन्धनलाई तोडेर प्रधानमन्त्री प्रचण्डले एमालेसंग गठबन्धन गर्नु गलत कार्य गरेको बताइन् ।

उनले प्रधानमन्त्री प्रचण्डले कांग्रेससंग सहकार्य तोड्दै कपोल्पित मनगढन्ते आरोप लागएर नयाँ गठबन्धन बनाएर अघि बढ्नुलाई मुलुकलाई अस्थिरता सृजना गर्नु रहेको बताइन् ।

उनले अस्थिर राजनीतिलाई पुनः दोहाऱ्याएको भन्दै

# दिलिपलाई पर्यावरण शहीद घोषणाको माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र



टुडे समाचारदाता

जनकपुरधाम । चुरे संरक्षणका निम्ति ज्यान गुमाएका ओमप्रकाश महतो दिलिपलाई नेपालको पहिलो पर्यावरणीय शहीद घोषणासहित विभन्न माग राख्दै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाएको छ।

मृतक दिलिप महतोको परिवारजनले गृहमन्त्री लामिछानेलाई रोजगारीको व्यवस्थासहित छ सुत्रीय माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

उनीहरुले दिलिप महतोको घटनामा भएको अनुसन्धान त्रुटीपूर्ण रहेको र सो घटनामा मुख्य योजनाकारहरु अझै कारबाहीको दायरामा नपरेकोले उच्चस्तरीय छानविन समिति गठन गरि दोषीहरुलाई कानुनी कारबाही हुनुपर्ने, घटनाको मुख्यस्थल तथा देशभर रहेका सम्पूर्ण अवैधानिक क्रसर उद्योगहरुका कारण वातावरण र सामाजिक तथा स्वास्थ्यमा समेत हानिकारक पुऱ्याएको भन्दै क्रसरहरुलाई तत्काल रोक लगाउनुपर्ने, देशको प्रमुख भू-भाग तथा लाखौं जिवनको आधार चुरे क्षेत्र संरक्षणका लागि तत्काल चुरे संरक्षण ऐनका लागि कार्य अघि बढाउनु पर्ने, दिलिपको परिवारलाई उचित क्षतिपुर्तिको व्यवस्था गर्नुपर्ने र उनको परिवारमा कम्तिमा एकजनालाई रोजगारीको व्यवस्था गर्नुपर्ने माग राखेको छ ।

उनीहरुलाई गृहमन्त्री लामिछानेले पीडित परिवारलाई आश्वासन दिँदै कारबाही प्रक्रिया अघि बढाइने दिलीपको बहिनी लक्ष्मी महतोले बताइन् ।

उनले सो ज्ञापनपत्र अध्ययन गरे पछि कारबाही प्रक्रिया अघि बढाइने गृहमन्त्री लामिछानेले आफुहरुलाई विश्वस्त तुल्याएको बताइन् ।

ज्ञापनपत्र बुझाउनेमा दिलीपको हजुरबुवा रामपृत महतो, बुवा रामजीवन महतो, आमा चन्द्रकला देवी महतो, बहिनीहरु सविता कुमारी महतो, बहिनी लक्ष्मी महतो, सृजना कुमारी महतो, भाई ख्वाइस कुमार महतो र भाञ्जा शुभम् कुमार महतो रहेका छन् ।

# सुशासन समितिको सभापतिमा पन्त चयन



**टुडे समाचारदाता**

काठमाण्डुाराष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको सभापतिमा नेपाली कांग्रेसका सांसद कमलादेवी पन्त सर्वसम्मत रुपमा निर्वाचित भएका छन् । समितिको सोमबार सिंहदरबारमा बसेको बैठकले सांसद पन्तलाई सभापतिमा चयन गरेको हो ।

नवनिर्वाचित सभापति पन्तलाई राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले पद तथा गोपनीयताको शपथ गराए । उनले नवनिर्वाचित सभापति पन्तलाई बधाई तथा शुभकामनासमेत दिए । राष्ट्रियसभा नियमावलीअनुसार समितिको सभापति पदमा निर्वाचित सदस्यले राष्ट्रियसभाका अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था रहेको छ । नवनिर्वाचित सभापति पन्तले शपथ लगत्तै पद बहाली गरे । समितिको सभापतिको कार्यकाल दुई वर्षको हुन्छ ।

सो अवसरमा सभापति पन्तले समितिको कार्यक्षेत्रबमोजिम सुशासन कायम गर्न सक्रिय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले दिगो विकासका लक्ष्य हासिल गर्ने आर्थिक सबलीकरण, जलवायु परिवर्तनको जोखिम न्यूनीकरणलगायत महत्वपूर्ण विषयलाई प्रभावकारी रुपमा उठाउने बताए ।

सभापति पन्तले समितिको कार्यक्षेत्रसँग जोडिएका विषयलाई 'टिमवर्क' (समूहमा मिलेर गरिने काम) मार्फत प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई समितिकातर्फबाट सहजीकरण गर्ने बताए । भ्रष्टाचार न्यूनीकरण नभएसम्म सुशासन प्रवर्द्धन नहुने भन्दै उहाँले त्यसतर्फ समिति क्रियाशील रहने बताए ।

# सहकारी र मिटरब्याज पीडितलाई न्याय दिन सांसदको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा सांसदहरुले समसामयिक विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरुले सहकारी र मिटरब्याज (अनुचित लेनदेन) पीडितका समस्यालगायत जनजीवनका समस्याबारे ध्यानाकर्षण गराएका हुन् ।

नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरीले मिटरब्याज पीडितको न्यायका नाममा बिचौलीको संलग्नता हुने गरेको भन्दै गृह प्रशासनको ध्यानार्कषण गराए । कांग्रेसका सांसद दिक्पालकुमार शाहीले सहकारी पीडितको समस्या तत्काल सम्बोधन गर्न सरकारको ध्यानार्कषण गराउनुभयो । उहाँले सुन तस्करीको विषयमा प्रधानमन्त्रीको जवाफसमेत माग गरे।



नेकपा (एमाले) का सांसद ठाकुरप्रसाद गैरेले जलवायु परिवर्तनका कारण देश प्रभावित भइरहेको भन्दै सरकारको ध्यानाआर्कषण गराए। उनले मुलुकमा आगलागीका घटना बढेकोप्रति चिन्ता प्रकट गरे। "नेपालका सम्पूर्ण वन आगजनीको अत्यन्त खतरामा छन् । सिङ्गो सरकार देशका सम्पूर्ण जनप्रतिनिधिमूलक संस्था र नागरिक समाजलगायत सुरक्षाकर्मी सबैले वन तथा गाउँघरमा लाग्ने आगलागी नियन्त्रणका लागि लाग्नुपर्दछ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा तोसिमा कार्कीले ललितपुरको सातदोबाटो-धापाखेल पाँच किलोमिटर सडक विस्तारको काम यथाशीघ्र सम्पन्न गर्न माग गरे । एमालेका सांसद दामोदर पौडेल बैरागीले पोखरालाई पर्यटक राजधानीको रुपमा घोषणासँगै पूर्वाधार विकास गर्नुपर्नेमा जोड दिए। उनले पोखरा परिसरका प्राकृतिक एवं ऐतिहासिक महत्वका स्थानलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने माग गरे।

कांग्रेसका सांसद दीपक खड्काले संखुवासभालगायत जिल्लामा बाढीबाट विस्थापितप्रति सरकारको ध्यान पुग्न नसकेको बताए। संखुवासभाको किमाङथाङ नाकामा जाने बाटो तत्काल खुलाउन उनले माग गरे।

कांग्रेसका सांसद दीपक गिरीले स्वर्गद्वारीका किसान ३९ दिनदेखि आन्दोलनरत रहेका भन्दै उनीहरुको माग तत्काल सम्बोधन गर्न माग गरे । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले निर्माण व्यवसायीको भुक्तानी तत्काल गर्न माग गरे । एमालेका सांसद दिपा शर्माले हुलाकी राजमार्गअन्तर्गत बाँके जिल्लामा पर्ने सडकखण्डको खुल्न बाँकी ट्र्याकका लागि बजेटको व्यवस्थापन गर्न माग गरिन् । उनले भेरी अस्पताल र खजुरा क्यान्सर अस्पतालमा प्रयाप्त जनशक्ति व्यवस्थापनको माग गरिन् ।

नेकपा (माओवादी केन्द्र)का सांसद दुर्गा राईले बढ्दो सडक दुर्घटनाप्रति चिन्ता प्रकट गर्दै सडकको स्तरोन्नति, सवारी साधनको सिटभार निर्क्यौल र निगरानी गर्न माग गरिन् । कांग्रेसका सांसद दुर्लभ थापा क्षेत्रीले भक्तपुर जिल्लास्थित सूर्यविनायक नगरपालिकामा राष्ट्रिय प्राणी उद्यानको निर्माण गर्ने योजनालाई प्राथमिकताका साथ राष्ट्रिय गौरवको योजनामा समावेश गर्न माग गरे ।

कांग्रेसका सांसद देवप्रसाद तिमिल्सिनाले किसानको दूधको भुक्तानी तत्काल उपलब्ध गराउन माग गरे । नेकपा (माओवादी केन्द्र)का सांसद देवेन्द्र पौडेलले बागलुङको सडक निर्माणप्रति सरकारको ध्यानार्कषण गराए । उनले पालिका जोड्ने सडकखण्ड अलपत्र परेको भन्दै चालु आर्थिक वर्षमा सम्पन्न हुनेगरी कामलाई तीव्रता दिन माग गरे।

राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले पश्चिम नवलपरासी जिल्लामा थारु संस्कृति विकास तथा प्रशिक्षण केन्द्र स्थापनाका लागि बजेट उपलब्ध गराउन माग गरे । उनले रामग्राम नगरपालिकामा कुस्ती कबड्डी खेलका लागि आवश्यक पूर्वाधार निर्माण गर्न सरकारसँग अनुरोध गरे । कांग्रेसका सांसद नागिना यादवले रुग्न अवस्थामा रहेका नौ उद्योग पुनः सञ्चालन अघि लागत प्रतिफल अनुमान गर्नुपर्ने बताए । एमालेका सांसद नारायणप्रसाद आचार्यले सदनमा उठेका विषयमा सम्बोधन नभएको भन्दै रुलिङ्का लागि सभामुख समक्ष माग गरे । उनले देशभरका विभिन्न राजमार्गको मर्मत गर्नुपर्ने मागसमेत गरे ।

नेकपा (माओवादी केन्द्र)का सांसद नारायणी शर्माले भारतसँग सिमा जोडिएको दाङ्को गडुवा गाँउपालिका-८ को नाकास्थित ४८ नम्बरको सिमा स्तम्भ खोलाले बगाएको भन्दै उक्त स्थानमा पुनः सिमास्तम्भ निर्माण गर्न माग गरे ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विश्वको सर्वोच्च शिखर सगरमाथाको सबैभन्दा नजिकको मानव बस्ती गोरक्सेप क्षेत्र र सगरमाथाको रमणीय दृश्य। पाँच हजार एक सय ६४ मिटरको उचाइमा रहेको गोरक्सेप सगरमाथा आधार शिविर नजिकै र कालापत्थरको काखमा रहेको छ।

*तस्बिर : रासस*

# बीमामा आबद्ध अस्पतालले विशेषज्ञ सेवा सञ्चालन गर्नुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य बीमा बोर्डले बीमामा आबद्ध भएका अस्पतालहरुलाई साताको एकदेखि तीन दिनसम्म नियमित बहिरङ्ग विशेषज्ञ सेवा (ओपिडी) सञ्चालन गर्न आग्रह गरेको छ।

बोर्डका तर्फबाट परिपत्र जारी गर्दै बोर्डका शाखा अधिकृत यशोदा अर्यालले बीमामा आबद्ध अस्पताललाई नियमित ओपिडी सेवा सञ्चालन गर्न अनुरोध गरिएको बताए ।उनका अनुसार एक सय शय्यासम्मको अस्पतालले हप्तामा एक दिन, दुई सय शय्या सम्मको अस्पतालले हप्तामा दुई दिन र तीन सय शय्या वा सो भन्दा माथिका अस्पतालले हप्तामा तीन दिन




नजिकको आधारभूत वा प्रादेशिक अस्पतालमा नियमित विशेषज्ञ ओपिडी सेवा दिनुपर्ने छ।

साथै सरकारी स्वास्थ्य संस्था (आधारभूत अस्पताल, प्रादेशिक अस्पताल)हरुले आफूलाई अत्यावश्यक परेको वा देखिएको अवस्थामा विशेषज्ञको सहयोग लिनका लागि नजिकको विशिष्टिकृत स्वास्थ्य संस्थासँग समन्वय गर्नुपर्ने बोर्डका शाखा अधिकृत अर्यालले बताए। उनका अनुसार हाल बोर्डमा करिब चार सय ४० अस्पताल आबद्ध छन् ।

# सुन तस्करी प्रकरणमा महरामाथि अनुसन्धान गर्ने म्याद थप

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष, पूर्वसभामुख कृष्णबहादुर महरामाथि अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले चार दिनको म्याद पाएको छ। काठमाडौँ जिल्ला अदालतले सुन प्रकरणको अनुसन्धान गरिरहेको सिआइबीलाई सोमबार नेता महरामाथि अनुसन्धान गर्न चार दिनको म्याद दिएको हो । म्याद थपका लागि उनलाई सोमबारै जिल्ला अदालतमा पेश गरिएको थियो ।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले म्याद थप भएसँगै थप अनुसन्धानका काम अघि बढाइएको जानकारी दिए । यसअघि सुन प्रकरणमा अनुसन्धान गरेको सिआइबीले महरालाई बयान कागज गराएर छाडेको थियो । नेता महरालाई कपिलवस्तुबाट सोमबार विहान नियन्त्रणमा लिएर काठमाडौँ ल्याइएको थियो ।

पूर्वन्यायाधीश डिल्लीराम आचार्यको संयोजकत्वमा गठित सुनको अवैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले पूर्वसभामुख महरामाथि छानबिन गर्न सिफारिस गरेसँगै थप अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको हो । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले सुन तस्करी प्रकरणमा मुछिएका र जाँचबुझ आयोगले कारबाहीको सिफारिस गरेका सबैमाथि अनुसन्धान प्रक्रिया अगाडि बढाउन प्रहरीलाई आइतबार नै निर्देशन दिएका थिए।

गत साउन २ मा 'ब्रेक सु'मा लुकाएर ल्याइएको ६१ किलो सुन र २०७९ साल पुसमा विद्युतीय चुरोट (भेप)मा लुकाएर ल्याइएको नौ किलो सुन तस्करीमा संलग्न चिनियाँ नागरिकसँग पूर्वसभामुख तथा माओवादी केन्द्रका उपाध्यक्ष महराको नाम जोडिएको थियो । उक्त प्रकरणमा उनका छोरा राहुल र पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन यसअघि नै पक्राउ परिसकेका छन् । यसअघि उक्त प्रकरणको अनुसन्धानमा त्रुटी भएको सुनको अबैध तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले औंल्याएपछि तत्कालिन सिआइबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यलाई केही अघिको मन्त्रिपरिषद्को निर्णयले प्रहरी मुख्यालयमा सरुवा गरिसकिएको छ । त्यहाँ प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवालीलाई पठाइएको छ।

तत्कालीन समयमा सुन प्रकरणको अनुसन्धान टोली संयोजक प्रहरी उपरीक्षक सञ्जयसिंह थापा तथा प्रहरी नायव उपरीक्षकद्वय रुगम कुँवर र दुर्गा दाहाललाई हेडक्वाटर तानिएको छ । उक्त प्रकरणमा अहिले सिआइबीका नयाँ प्रहरी टोलीले अनुसन्धान गर्दैछन् ।

मन्त्रिपरिषद्ले उक्त आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय पनि गरिसकेको छ । सोही आधारमा प्रहरीले अनुसन्धान तीव्र पारेको छ। गत साउन २ मा 'ब्रेक सु'मा लुकाएर ल्याइएको ६१ किलो सुन र २०७९ पुसमा विद्युतीय चुरोट (भेप)मा ल्याइएको नौ किलो सुन तस्करीमा सङ्लग्न चिनिया नागरिकसँग नाम जोडिएका केही व्यक्तिलाई त्यसबेला सिआइबीले बयान कागज गरेर मात्रै छाडेको थियो । त्यसमध्ये महरा पनि एक थिए।

### गुरुङलाई धरौटीमा छाड्न आदेश

काठमाडौँ जिल्ला अदालतले सुन तस्करी प्रकरणमा छानबिनका लागि पक्राउ परेका जीवन गुरुङलाई धरौटीमा छाड्न आदेश दिएको छ। जिल्ला न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले गुरुङलाई रु १५ लाख धरौटीमा छाड्न सोमबार आदेश दिएको जिल्ला अदालत काठमाडौँका सूचना अधिकारी चन्द्रप्रसाद पन्थीले जानकारी दिए । केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले गुरुङलाई गत फागुन १४ गते पक्राउ गरेको थियो।

# घर छाडेर सहर पस्नेभन्दा विदेशिने दोब्बर

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले आइतबार विभिन्न चारवटा प्रतिवेदन सार्वजनिक गरेको छ । नेपालको जनसंख्या, घर तथा परिवारको अवस्था, अपाङ्गता र राष्ट्रिय जनगणना २०७८ र सञ्चारमाध्धम प्रतिवेदन गरेको हो। राष्ट्रिय जनगणना २०७८ का क्रममा सङ्कलित तथ्याङ्कलाई विस्तृत विश्लेषणसहित चारवटा प्रतिवेदन तयार पारिएको कार्यालयका सूचना अधिकारी मनोहर घिमिरेले जानकारी दिनुभयो।

तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको मुलुकको जनसंख्याको आर्थिक संरचना विवरणअनुसार दश वर्ष वा सोभन्दा माथि उमेर समूहको कुल जनसंख्याको लगभग दुई तिहाइ अर्थात् ६५ दशमलव छ प्रतिशत आर्थिक रुपमा सक्रिय छन् । आर्थिक रूपमा सक्रिय पुरुष ७१ प्रतिशत र महिला ६० दशमलव चार प्रतिशत छन् । प्रदेशगत रूपमा हेर्दा कर्णालीमा आर्थिक रूपमा सक्रिय जनसंख्या सबैभन्दा बढी ७२ प्रतिशत छ भने त्यसपछि कोशीमा ७१ दशमलव एक प्रतिशत छ। आर्थिक रुपमा सक्रिय जनसंख्या सबैभन्दा कम मधेस प्रदेशमा ५७ दशमलव तीन प्रतिशत छ।

प्रतिवेदनअनुसार नेपालमा १० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्यामा १२ महिनामा छ महिना वा सोभन्दा बढी समय काम गर्ने वा काम खोज्ने आर्थिक रूपमा सक्रिय व्यक्ति ९३ प्रतिशत छन् । रोजगारीको अनुपात सबै भौगोलिक क्षेत्र, पालिकाहरू र प्रदेशहरूमा लगभग समान रहेको कार्यालयले जनाएको छ।

प्रतिवेदनअनुसार ८६ प्रतिशत परिवार आफ्नै स्वामित्व भएको आवासमा बसिरहेका छन् भने १२ दशमलव आठ प्रतिशत परिवारहरु भाडामा लिइएको आवासमा बस्ने गरेका छन् । बाँकी करिब एक प्रतिशत परिवारको बसोबास सरकारी वा संस्थागत कार्यालय र अन्य प्रकारको आवासीय एकाइमा रहेको तथ्याङ्क कार्यालयले जनाएको छ।

बसोबासको स्थानका आधारमा सहरी क्षेत्रमा रहने ८९ दशमलव पाँच प्रतिशत परिवार पक्की आवासमा बस्ने गरेका छन् भने करिब आठ प्रतिशत जनसंख्या अर्धपक्की घरमा बसोबास गर्छन्। पक्की आवासमा बस्ने परिवारहरु सहरोन्मुख क्षेत्रमा ६२ दशमलव नौ र ग्रामीण क्षेत्रमा ७९ दशमलव आठ प्रतिशत रहेको तथ्याङ्क छ।

घरको तलाअनुसारको बनोटलाई विश्लेषण गर्दा सबैभन्दा बढी करिब ६० प्रतिशत घरहरू एकतले छन् । त्यसैगरी २९ प्रतिशत घरहरु दुईतले, नौ प्रतिशत तीनतले र २ प्रतिशत चार वा सोभन्दा बढी तलाका छन् । मधेस प्रदेशका ८४ प्रतिशतभन्दा बढी घरहरु एकतले मात्रै छन् । यो संख्या कोशीमा ६४ र लुम्बिनी प्रदेशमा ६३ प्रतिशत छ । एकतले मात्र घरको अनुपात कर्णाली प्रदेशमा सबैभन्दा कम २९ प्रतिशत छ।

घर निर्माण भएको समयावधिको आधारमा घरहरुलाई वर्गीकरण गर्दा नेपालका कुल घरमध्ये करिब ४२ प्रतिशत घरहरु विसं २०७२ को भूकम्पपछि निर्माण भएको पाइएको छ। त्यसैगरी २१ दशमलव छ प्रतिशत घरहरू आठदेखि १४ वर्षअघि र १८ प्रतिशत घरहरु १५ देखि २४ वर्षअघि बनेका देखिन्छन्।

आवासीय घर निर्माणका लागि १२ प्रतिशत परिवारले आंशिक वा पूर्णरुपमा सरकारी निकायबाट अनुदान पाएको देखिएको छ। हिमाली क्षेत्रका करिब एक तिहाइ अर्थात् ३२ दशमलव दुई प्रतिशत परिवारमा घर बनाउन सरकारी निकायबाट अनुदान उपलब्ध भएको तथ्याङ्क कार्यालयले जनाएको छ । यो संख्या तराईमा करिब चार प्रतिशत मात्रै छ। प्रदेशअनुसार बागमती र गण्डकी प्रदेशका क्रमशः ३६ प्रतिशत र १७ प्रतिशत परिवारले आवासीय घर निर्माणमा सरकारी अनुदान लिएका छन्।

औसत परिवार संख्या र परिवारको आकारअनुसार एउटा घरमा सरदर एक दशमलव दुई परिवारले बसोबास गर्ने गरेको र एउटा परिवारको आकार औसतमा चार दशमलव चार जनाको भएको तथ्याङ्कले देखाएको छ। परिवारको आकारका आधारमा सुदूरपश्चिम प्रदेश र तराई क्षेत्रमा बसोबास गर्ने परिवारहरू ठूला आकारका अर्थात् चार दशमलव सात सदस्य प्रतिपरिवार छन् । औसतमा नगरपालिकामा बसोबास गर्ने परिवारको आकार प्रतिपरिवार चार दशमलव तीन जना र गाउँपालिकामा बसोबास गर्ने परिवारको आकार प्रतिपरिवार चार दशमलव पाँच जना छ।

घरको जगको बनोटअनुसार एक तिहाइ अर्थात् ३३ प्रतिशत परिवारले बसोबास गरिरहेका घरको जग माटोले जडान गरिएको ईँटा ढुङ्गा प्रयोग गरेर बनेका छन् । त्यस्तै, २९ दशमलव आठ प्रतिशत सिमेन्टजडित ईँटा ढुङ्गा प्रयोग गरेर बनेका र करिब २२ प्रतिशत घरको जग ढलान पिलरसहितको छन् । घरको बाहिरी गारोको बनोटअनुसार परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरको गारोमध्ये सबैभन्दा बढी ५२ दशमलव दुई प्रतिशत परिवारले प्रयोग गरिरहेको घरको गारो सिमेन्टजडित ईँटा ढुङ्गाबाट बनेको छ । त्यसैगरी, करिब ३९ प्रतिशत सिमेन्टजडित ईँटा ढुङ्गाबाट बनेको र ११ दशमलव सात प्रतिशतको बाँसजन्य सामग्रीबाट बनेको पाइएको छ।

विगतका तीन जनगणना (विसं. २०५८, २०६८ र २०७८) का तथ्याङ्क विश्लेषण गर्दा एकपछि अर्को जनगणना वर्षमा महिला परिवारमुली भएका परिवारको संख्या र अनुपात क्रमशः बढ्दै गएको देखिएको छ । विसं २०५८ को जनगणनाअनुसार करिब १५ प्रतिशत परिवारको मुली महिला थिए भने यो अनुपात पछिल्ला दुई जनगणनामा क्रमशः बढ्दै गएर २०६८ मा एक चौथाइभन्दा माथि अर्थात् २५ दशमलव सात र २०७८ सालमा करिब एक तिहाइ अर्थात् ३१ दशमलव पाँच प्रतिशत भएको देखिन्छ।

> विगतका तीन जनगणना (विसं. २०५८, २०६८ र २०७८) का तथ्याङ्क विश्लेषण गर्दा एकपछि अर्को जनगणना वर्षमा महिला परिवारमुली भएका परिवारको संख्या र अनुपात क्रमश: बढ्दै गएको देखिएको छ । विसं २०५८ को जनगणनाअनुसार करिब १५ प्रतिशत परिवारको मुली महिला थिए भने यो अनुपात पछिल्ला दुई जनगणनामा क्रमश: बढ्दै गएर २०६८ मा एक चौथाइभन्दा माथि अर्थात् २५ दशमलव सात र २०७८ सालमा करिब एक तिहाइ अर्थात् ३१ दशमलव पाँच प्रतिशत भएको देखिन्छ ।

तथ्याङ्क कार्यालयका अनुसार विसं २०५८ को जनगणनामा आफ्नो नाममा घरको स्वामित्व भएका महिलाको संख्या शून्य दशमलव नौ प्रतिशत मात्र भएकोमा यो संख्या २० वर्षको अवधिमा बढेर २०७८ सालको जनगणनामा दुई दशमलव तीन प्रतिशत पुगेको छ। जग्गामा स्वामित्व भएका महिलाको संख्या र अनुपात पनि पछिल्ला वर्षमा वृद्धि भएको देखिन्छ । तथापि, अझै करिब तीन चौथाइ अर्थात् ७४ दशमलव छ प्रतिशत परिवारमा महिलाको घर र जग्गा दुवैमा स्वामित्व नभएको तथ्य जनगणना २०७८ को नतिजाले देखाएको छ।

जनगणना २०७८ अनुसार कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र कुनै पनि तलबी कामदार नराखेका नौ दशमलव चार प्रतिशत परिवारले कृषिबाहेकका साना घरेलु व्यापार व्यवसाय सञ्चालन गरेका छन् । यस्ता साना घरेलु व्यापार व्यवसायमध्ये ५५ प्रतिशत व्यवसाय पुरुषले र ४५ प्रतिशत महिलाले सञ्चालन गरेका देखिएको छ।

नेपालका कुल परिवार संख्यामध्ये ६१ दशमलव चार प्रतिशत परिवारमा कम्तीमा एकजना सदस्यको नाममा बैङ्क वा वित्तीय संस्थामा खाता रहेको तथ्याङ्क कार्यालयको प्रतिवेदनमा उल्लेख छ । यसैगरी कुल जनसंख्याको २५ दशमलव छ प्रतिशतले कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोलेका छन् । कुल जनसंख्याको एक चौथाइभन्दा केही बढी अर्थात् २५ दशमलव छ प्रतिशत परिवारले बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट ऋण लिएको देखिएको छ।

करिब १३ प्रतिशत परिवारका कम्तीमा एक सदस्यले कुनै न कुनै किसिमको प्राविधिक शिक्षा वा व्यावसायिक तालिम लिएको देखिएको छ । नगरपालिकामा बसोबास गर्ने परिवारहरुमध्ये १३ दशमलव चार प्रतिशत परिवारका कम्तीमा एक व्यक्तिले यस्तो तालिम लिएको देखिएको छ भने गाउँपालिकामा यो संख्या १० दशमलव आठ प्रतिशत छ।

विसं २०७८ सालको जनगणनाअनुसार नेपालमा रहेको परिवारको संख्या ६६ लाख ६० हजार आठ सय ४९ छ। जसमध्ये १३ दशमलव चार प्रतिशत परिवारको कम्तीमा एक सदस्य देशभित्रै अन्य कुनै ठाँउमा बसोबास गरिरहेका छन् भने २३ दशमलव चार प्रतिशत परिवारबाट कम्तीमा एक सदस्य विदेशमा बसोबास गरिरहेको देखिएको छ।

राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार देशमा हाल बसोबास गर्ने करिब आधा परिवार अर्थात् ४९ प्रतिशतसँग खेतीयोग्य जमिन र पशुधन छ। कृषि तथा खेतीयोग्य जमिन भएको तर पशुधन नभएको परिवार संख्या नौ दशमलव सात प्रतिशत छ।

त्यसैगरी नौ दशमलव तीन प्रतिशत परिवारमा पशुधन मात्र भएको तर खेतीयोग्य जमिन नभएको देखिएको छ। करिब एकतिहाइ अर्थात् ३२ प्रतिशत परिवारको भने आफ्नो स्वामित्व वा भोगचलनमा खेतीयोग्य जमिन र पशुधन दुवै नभएको तथ्याङ्क कार्यालयको विवरणबाट देखिन्छ।

नेपालमा कुल परिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेको तथ्य पनि कार्यालयले सार्वजनिक गरेको छ। कृषक परिवारमध्ये ९६ दशमलव आठ प्रतिशत कृषक परिवार खेतीपाती मात्र भएका र तीन दशमलव दुई प्रतिशत कृषक परिवार पशुपन्छी मात्र भएका छन्।

पछिल्ला वर्षहरुमा सञ्चारमाध्यमका रुपमा रेडियो प्रयोग गर्नेको संख्या घटेको र टेलिभिजन प्रयोग गर्नेको संख्या बढेको पनि तथ्याङ्क कार्यालयको अध्ययनबाट देखिएको छ । रेडियो प्रयोग गर्ने परिवारको संख्या २०६८ सालमा ५९ दशमलव सात प्रतिशत रहेकोमा २०७८ सालसम्ममा ३४ दशमलव दुई प्रतिशतमा झरेको देखिन्छ।

टेलिभिजन भएका र प्रयोगमा ल्याउने परिवार भने पछिल्लो १० वर्षमा ३७ प्रतिशतबाट बढेर ४९ दशमलव चार प्रतिशत पुगेको छ । त्यसैगरी, ल्याण्डलाइन टेलिफोन प्रयोगकर्ता घरपरिवारको अनुपात झण्डै एक चौथाइ अर्थात् २४ दशमलव पाँच प्रतिशतले घटेको देखिन्छ भने मोबाइलफोन प्रयोगकर्ताको संख्या बढेर ७३ दशमलव प्रतिशत पुगेको छ।

जनगणना २०६८ र २०७८ बीच १० वर्षको अन्तरालमा कार, जिप भ्यान, मोटरसाइकल, स्कुटरआदिको स्वामित्व भएका र प्रयोग गर्ने परिवारको संख्यामा पनि उल्लेख्य वृद्धि भएको तथ्याङ्क कार्यालयले जनाएको छ । यो अवधिमा मोटरसाइकल स्कुटर भएका परिवारको संख्या पाँच लाख १९ हजार पाँच सय ७० अर्थात् कुल जनसंख्याको नौ दशमलव आठ प्रतिशतबाट बढेर १८ लाख १६ हजार एक सय २१ अर्थात् २७ दशमलव तीन प्रतिशत पुगेको छ।

राष्ट्रिय जनगणना २०७८ मा प्राप्त विवरणअनुसार नेपालका आधाभन्दा बढी अर्थात् ५३ दशमलव एक परिवारमा बिजुली पङ्खा, झण्डै एक चौथाइ अर्थात् २३ दशमलव सात प्रतिशत परिवारसँग रेफ्रिजेरेटर, चार प्रतिशत परिवारमा वासिङ मेसिन र एक प्रतिशतभन्दा कम परिवारमा एयरकण्डिसनको सुविधा छ।

तथ्याङ्क कार्यालयकाअनुसार ५७ प्रतिशत परिवारमा धारा पाइपबाट वितरण हुने पानीको पहुँच छ। करिब ३० प्रतिशत परिवारले हातेकल, ट्युबवेल, बोरहोलको पानी प्रयोग गर्छन् भने करिब पाँच प्रतिशत परिवारले परिवार पिउनका लागि जार बोतलको पानीमा निर्भर छन्।

प्रदेशअनुसार हेर्दा खानेपानीको मुख्य स्रोतका रूपमा धारा पाइपको प्रयोग गर्ने परिवारको संख्या गण्डकी प्रदेशमा सबैभन्दा बढी ८५ दशमलव एक प्रतिशत र त्यसपछि कर्णाली प्रदेशमा ८० दशमलव नौ प्रतिशत छ । लुम्बिनी प्रदेशका करिब ५८ प्रतिशत परिवार यो सुविधाको पहुँचमा छन् । धारा पाइप प्रणालीबाट वितरण गरिने पानीको पहुँच मधेस प्रदेशमा सबैभन्दा कम २२ दशमलव छ प्रतिशत परिवारमा मात्र देखिन्छ।

पछिल्लो २० वर्ष अवधिमा देशमा शौचालयको पहुँच भएका परिवारको अनुपातमा बढोत्तरी भएको तथ्य राष्ट्रिय जनगणना २०७८ ले देखाएको छ। फ्लस शौचालय भएका र प्रयोग गर्ने परिवारको अनुपात विसं २०५८ मा २३ प्रतिशत रहेकोमा वृद्धि भएर विसं २०७८ सम्म आइपुग्दा करिब दुईतिहाइ अर्थात् ६५ प्रतिशतको हाराहारीमा पुगेको छ । नेपालमा चार दशमलव पाँच प्रतिशत परिवारमा अहिले पनि शौचालयको पहुँच नरहेको तथ्याङ्क कार्यालयले जनाएको छ।

जनगणना २०७८ अनुसार देशका ५१ प्रतिशत परिवारले खाना पकाउने मुख्य इन्धनको रूपमा दाउरा प्रयोग गर्ने गरेका छन्। दाउरापछि ४४ दशमलव तीन प्रतिशत परिवारले खाना पकाउन मुख्य इन्धन वा ऊर्जाको स्रोतमा सिलिण्डर ग्यास (एलपीजी) प्रयोग गर्ने गरेको देखिएको छ।

प्रदेशअनुसार कर्णालीका ८२ दशमलव दुई प्रतिशत परिवारले खाना पकाउन परम्परागत इन्धन दाउराको प्रयोग गरेको देखिन्छ । यो अनुपात सुदूरपश्चिम प्रदेशमा ७० दशमलव तीन र मधेस प्रदेशमा ५८ दशमलव छ प्रतिशत रहेको देखिन्छ। मधेस प्रदेशका १० प्रतिशतभन्दा बढी परिवारमा अझै गाईभैंसीको गोबरबाट बनाएको गुँईठा खाना पकाउने इन्धनको मुख्य स्रोतको रूपमा प्रयोग भइरहेको देखिन्छ।

प्रतिवेदनअनुसार नेपालमा ९२ प्रतिशतभन्दा बढी परिवारले घरमा बत्ती बाल्ने स्रोतका रूपमा बिजुली बतीको प्रयोग गर्ने गरेको देखिएको छ । प्रदेशअनुसार हेर्दा कर्णाली र सुदूरपश्चिम प्रदेश बाहेकका पाँच प्रदेशमा बत्ती बाल्नका लागि बिजुलीको प्रयोग गर्ने परिवारहरु राष्ट्रिय औसत ९२ प्रतिशतभन्दा बढी छन् । कर्णालीमा भने ५० प्रतिशत जनसंख्यामा मात्र विद्युत् सुविधा पुगेको छ।

परिवारले बसोबास गरेका घरको आकार, बनोट र संरचना, सुधारिएको पिउने पानी, आधुनिक शौचालय र सुधारिएको ऊर्जाआदिका हिसाबले परिवारको जीवनस्तर मापन गर्दा करिब २८ प्रतिशत परिवार पर्याप्त सेवा सुविधा भएको घरमा बस्ने गरेका छन् । घरायसी सेवा सुविधाका हिसाबले करिब ३४ प्रतिशत परिवार मध्यमस्तरका घरमा, २५ दशमलव छ प्रतिशत सामान्य अवस्थाका घरमा र ११ प्रतिशत यस्ता सेवा सुविधा अपर्याप्त भएका घरमा बस्ने गरेको पाइएको छ। यस्तै एक प्रतिशतभन्दा कम परिवारहरु अति न्यून सेवासुविधा भएका घरमा बस्ने गर्ने गरेको देखिएको छ।

बागमती प्रदेशमा ३८ प्रतिशत र गण्डकी प्रदेशमा २६ प्रतिशत परिवार अति उच्च वर्गमा रहेका छन् । यो अनुपात कर्णालीमा चार दशमलव दुई प्रतिशत, सुदूरपश्चिममा आठ दशमलव चार प्रतिशत र मधेस प्रदेशमा आठ दशमलव छ प्रतिशत छ।

देशभरका कुल परिवार संख्यामध्ये तीन दशमलव एक प्रतिशत अर्थात् दुई लाख पाँच हजार पाँच सय ५५ परिवारमा कम्तीमा एक सदस्य अपाङ्गता भएका व्यक्ति रहेका तथ्याङ्क कार्यालयले जनाएको छ । राष्ट्रिय औसतभन्दा बढी अपाङ्गता देखिएका कर्णाली प्रदेशमा चार दशमलव छ प्रतिशत, सुदूरपश्चिममा चार प्रतिशत, गण्डकीमा तीन दशमलव आठ प्रतिशत र लुम्बिनी प्रदेशमा तीन दशमलव तीन प्रतिशत रहेका छन्।रासस

# उद्योगमन्त्री भण्डारी र युएसपिटीओका निर्देशकबीच छलफल




**टुडे समाचारदाता**

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र अमेरिकी वाणिज्य तथा बौद्धिक सम्पत्ति कार्यालयका उपसचिव एवं युनाइटेड स्टेट प्याटेन्ट एन्ड ट्रेडमार्क अफिस (युएसपिटीओ) का निर्देशक क्याथरिन के भिडेलबीच आज मन्त्रालयमा छलफल भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र युएसपिटीओबीच बौद्धिक सम्पत्तिमा द्विपक्षीय सहकार्य गर्नेसम्बन्धी समझदारी पत्रलाई स्वीकृत गरिएको छ । नेपालले विश्वव्यापार सङ्गठन र विश्व बौद्धिक सम्पत्ति सङ्गठनको सक्रिय सदस्य हुँदाहुँदै पनि बौद्धिक सम्पत्तिको सिर्जना गरी व्यापार तथा लगानीमा त्यसको लाभ लिनुपर्ने उद्योगमन्त्री भण्डारीले बताए।

"हामीले व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार (ट्रिप्स) सम्झौताको धारा ६६.२ र लाभको बाँडफाँटमा पहुँचसम्बन्धी नागोया प्रोटोकलअनुसार लाभ लिने सम्बन्धमा अमेरिकी सरकारबाट निरन्तर सहयोगको अपेक्षा राखेका छौँ", उनले भने।.यस क्षेत्रमा रहेका सम्भावना र अवसरबाट लाभ लिन नेपालले बौद्धिक सम्पत्ति नीति बनाएको तथा पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन प्रतिस्थापन गरी औद्योगिक सम्पत्ति कानून निर्माणमा लागिरहेको उनको भनाइ छ।

"औद्योगिक सम्पत्तिको सिर्जना र उपयोगका क्षेत्रमा युएसपिटीओको अनुभव, असल अभ्यास र सहकार्यबाट नेपालले पेटेन्ट, डिजाइन, ट्रेडमार्कलगायत औद्योगिक सम्पत्तिको सिर्जना, विकास, संरक्षण र प्रवर्द्धनमा लाभ लिनसक्ने मैले विश्वास लिएको छु", उद्योगमन्त्री भण्डारीले भने, "यो सहकार्यसम्बन्धी सम्झौताले नेपालको बौद्धिक सम्पत्ति संरक्षण कार्यालयरत्यहाँकार्यरतजनशक्तिको सीप तथा क्षमता अभिवृद्धि भई व्यापार तथा लगानीको वातावरण निर्माणमा थप ईँटा थप्ने कुरामा म विश्वस्त रहेको छु ।"अमेरिकी लगानीकर्तालाई नेपालमा निर्धक्क भएर लगानी गर्न पनि मन्त्री भण्डारीले आह्वान गरे । सो अवसरमा भिडेलले नेपाल सरकारसित सहकार्य गर्न युएसपिटीओ तयार रहेको बताए । साथै उनले नेपालमा लगानी बढाउने कुरामा अमेरिका सरकार सकारात्मक रहेको धारणा राखे।




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आत्मनिर्भरता तर्फ सोच्नु पर्छ

नेपालमा संघीयता आएपछि प्रदेशको गठन भएको हो । सातवटा प्रदेश रहेको नेपालमा संघीय अनुदान नै सरकार सञ्चालनको सहारा बनेको छ । प्रदेशमा दोस्रो कार्यकाल चलिरहेको छ । प्रदेश सरकारलाई संघीय सरकारले अधिकारविहीन अवस्थामा राखेको छ । त्यस विरुद्ध प्रदेश सरकारले संघीय सरकारमाथि दवाव बढाइरहेको छ । प्रदेश सरकार हाल प्रहरी समायोजन, निजामती सेवा ऐन लगायतका आधा दर्जन मुद्दाहरुमा अल्झिरहेकोछ । प्रदेशले संघबाट पाउने बजेट समेत राम्ररी खर्च गर्न सकिरहेको छैन् । प्रदेशको अधिकांश रकम कर्मचारीको तलब, भत्तामा खर्च भइरहेको छ । संघीय सरकारबाट नै प्राप्त हुने बजेट समेत खर्च गर्न प्रदेश सरकारलाई कठिन भइरहेको छ । समयमै बजेट नचलाउँदा प्रदेश सरकारको विकास बजेट खर्च भइरहेको छैन् । मुश्किलले तीन महिना अब काम हुनेछ । तर बजेटको खर्च २५ प्रतिशत पनि नाघेको छैन् । प्रदेश सरकारले प्रहरी, निजामती कर्मचारी लगायतका विषयहरुमा संघीय सरकारसित लडेर अधिकार लिनु पर्छ । तर त्यो सँगै प्रदेशलाई आत्मनिर्भर बनाउने तर्फ पनि गम्भीर हुन आवश्यक छ । प्रदेश सरकारले विभिन्न शीर्षकमा राजस्व संकलन गर्न सक्ने अधिकार संविधानले दिएको छ । त्यो अधिकारको प्रयोगगर्दै प्रदेश सरकारले राजस्व संकलनमा ध्यान दिनुपर्छ । प्रदेश सरकारले आत्मनिर्भर हुने किसिमको कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ । राजस्व संकलनलाई बढाउन सरकार उदासीन हुनुको एउटा प्रमुख कारण संघीय सरकारकै बजेटलाई खर्च गर्न नसक्नु नै हो । बजेटको अभाव भए प्रदेश सरकारले त्यसलाई बढाउने उपायहरु बारे चिन्तनमनन गर्ने थिए । तर भएकै बजेट खर्च नहुँदा प्रदेश सरकारले करको दायरा फराकिलो बनाउने अथवा राजस्व संकलन हुने क्षेत्रको पहिचान गर्ने तर्फ चासो देखाएको छैन् । संघीयतालाई संस्थागत गर्न लडिरहेको मधेश प्रदेशले पनि आन्तरिक राजस्व संकलन गर्ने क्षेत्र फराकिलो छ । त्यसमा सरकारले ध्यान दिनुपर्छ । प्रदेशलाई आत्मनिर्भर बनाउन सके विकासका ठूलठूला कार्यहरु गर्न सकिन्छ । विकास निर्माणको क्षेत्रमा प्रदेश सरकारले आफ्नो बजेट लगाउन सके द्रुत गतिमा विकास हुनेछ । मधेश प्रदेशमा अहिले धेरै काम गर्न बाँकी छ । शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, पूर्वाधार, सञ्चार लगायतका क्षेत्रमा ठूलो लगानीको खाँचो छ । प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त गर्ने अनुदान बाहेक आन्तरिक राजस्व बढाएर थप र ठोस कार्यहरु गर्नुपर्छ । मधेश प्रदेशमा आफ्नो आयस्रोत बढन सके किसानलाई निःशुल्क सिँचाई, स्वच्छ पिउने पानी, निःशुल्क स्वास्थ्य सेवा, विद्युत्‌को महसुलमा अनुदान लगायतक जनमुखी कार्यहरु गर्न सक्छ ।

# अस्थिर व्यवस्थाको त्रासदी



रोशन जनकपुरी

कुराको थालनीहिन्दीको एउटा क्रान्तिकारी कवि 'पाश'को कविताांशको अनुवादबाट गरौं :

*"यो सबैथोक हाम्रै पालोमाहुनु थियो*
*यो शर्मनाक दुर्घटना हामीसंग नै हुनु थियो*
*कि संसारको सबैभन्दापवित्रशब्दहरु*
*बन्नु थियो सिंहासनको खडाउँ –*
*मार्क्सको सिंह जस्तो टाउको*
*दिल्लीको भूलभुलैयामाम्याउँम्याउँगर्दै डुलीरहेको*
*हामीले नै हेर्नु थियो*
*मेरा मित्रहरु, यो अनैतिक दुर्घटना हाम्रै पालोमाहुनु थियो ।"*

पाशभारतीयकविहुनाले उनले भारतको राजधानीदिल्लीको बिम्बप्रयोग गरेका छन् । उनी नेपालीभइदिएको भए काठमाँडौको बिम्बप्रयोग गर्थे होला ।

जतिबेला म यो लेख लेखि रहेको छु, नेकपा (माओवादी केन्द्र)काउपाध्यक्ष र पूर्व सभामुख कृष्णबहादुर महरा सुन तस्करी प्रकरणमा पक्राउ परिसकेका छन् । महराको यो गिरफ्तारी अस्वाभाविक होइन । सत्ता समीकरण बदलिएपछि नेपालीकाँगेस लगायतले जसरी यस प्रकरणलाई उचाली रहेकाथिए, त्यसमा यो गिरफ्तारी स्वाभाविक नै हो । यस सुन तस्करीमा महरा यथार्थमा दोषीहुनवाआफन्तहरुको कारण परिबन्दमा परेर फँसेकाहुन्, त्यो बेग्लै र जाँच अनुसन्धानको विषयभयो, तर माओवादी केन्द्र र नेपालीकाँग्रेस गठबन्धनको सरकार रहेको बेलामा समेत यस प्रकरणमा अनुसन्धान दस्तावेजहरुमा जसरी चिनियाँ तस्करसंग उनको सम्पर्क र गतिविधिबारे प्रमाणहरु पेशगरिँदै थियो, त्यसले उनको निम्ति कठिन अवस्थासिर्जनागर्दै थियो । यस प्रकरणमाउनकानिजी सचिव र छोरा समेत पहिले नैगिरफ्तार भइसकेकाथिए । उनीभनेउनकै पार्टीको समीकरणमा सरकार भएकोले मात्रैजोगिँदै आएकाथिए । नयाँ समीकरण बनेपछि प्रतिपक्षको बेन्चबाट नेपालीकाँग्रेस लगायतकादलहरुले प्रधानमन्त्री प्रचण्डको सरकारलाई घेर्नथालेपछि उनलाई जोगाउन सहज रहेन ।

नेकपा (एमाले)संग मिलेर नयाँ गठबन्धन सरकार बनाएपछि माओवादी केन्द्रप्रति नेपालीकाँग्रेस केही बढी नै आक्रोशित देखिन्छ । अझ यसै सरकारमा गठबन्धनको स्थायीत्वको निम्ति निर्णायक हैसियतमा रहेको राष्ट्रीय स्वतन्त्र पार्टी (रास्वपा)काविवादितअध्यक्ष रवि लामिछाने गृहमन्त्री भएपछि, उनलाई नै तारो बनाएर नेपालीकाँग्रेसका सांसदहरुले प्रचण्ड लगायतलाई घेर्ने नीतिबनाएको देखिन्छ । गृहमन्त्री लामिछानेको नामविगतमा दोहोरो नागरिकतातथा सहकारी रकमहिनामिनाप्रकरणमा पटक पटकविवादितहुँदै आएको छ । नेकासंगको सरकारमा रहेको बेलामाओवादी केन्द्र र स्वयं प्रचण्डले पनि लामिछानेलाई आरोपितगर्ने गरि वक्तव्यदिने गरेकाथिए । अहिले उनै लामिछानेसंग मिलेर सरकार बनाउनु र गठबन्धनमा रास्वपाको निर्णायक हैसियतले प्रधानमन्त्री प्रचण्डको निम्ति घाँडो बनेको छ । नेपालीकाँग्रेसले यस विषयमा (लामिछानेको विषयमा) प्रधानमन्त्री प्रचण्डले जवाफदिनुपर्ने अडान राखेर संसद अवरुद्ध गरेकाथिए । नेपालीकाँग्रेसले प्रत्यक्षमा रास्वपाअध्यक्ष र गृहमन्त्री लामिछानेलाई निसानाबनाएको देखिएपनियथार्थमाउनी प्रचण्डभित्रको सकसलाई बढाउन चाहेको तथा गठबन्धनमा अविश्वास र असन्तुलन पैदा गर्न चाहेको बुझ्नगाह्रो छैन । हुन त यस विषयमागृहमन्त्री लामिछानेले आफै संसदमाजवाफदिएका छन् । तरपनि नेकालगायतको प्रतिपक्षप्रम प्रचण्डलाई नै कठघरामाउभ्याउनप्रयत्नगरिरहेको देखिन्छ । वस्तुतः नेपालीकाँग्रेसको यस सारा प्रयत्नको उद्देश्यएमाले-माकेको नयाँ गठबन्धन सरकार भ्रष्ट र आरोपितहरुको सरकार हो भन्ने भाष्यप्रचारित गर्न खोजी रहेको तथा समीकरणलाई असन्तुलितबनाउनखोजेको देखिन्छ । मिडियाहरुले जसरी यीमामिलाहरुलाई प्रमुखताका साथ स्थानदिइरहेका छन्, त्यसले यस गठबन्धनका शीर्षस्थहरुप्रधानमन्त्री प्रचण्डर बहुमत घटक एमालेकाअध्यक्ष केपीओलीको निम्तिपनि कठिनाई उत्पन्न गराईरहेको छ ।

प्रम प्रचण्डको अर्को कठिनाई के छ भने सुन तस्करी प्रकरणमा विगत जनयुद्धकालमा जनमुक्ति सेना, नेपालका कमान्डर तथाहालकापूर्व उपराष्ट्रपति नन्दकिशोर पुन 'पासाङ्ग'का छोरा हिरासतमा छन् भने मिडियामा सांकेतिकरुपमाउनको नाममा समेत औँला ठड्याउने गरिएको छ । नेपालीकाँग्रेसले प्रत्यक्षमा गृहमन्त्री लामिछानेको निहुँमा प्रचण्डमा घेर्न खोजेपनिअन्तर्यमाउनलाई उनको पार्टीभित्रको विवादितपात्रहरुलाई लिएर समग्र परिस्थितिलाई उनीतर्फ केन्द्रितगर्न खोजेको देखिन्छ ।यस्तोमा प्रधानमन्त्रीप्रचण्डले चाहेर वानचाहेर यी सारा प्रकरणमा जवाफदिन रोस्टममा उभिनु सम्भव छ ।

सम्भव छ महराको गिरफ्तारीयी सारा प्रकरणबाट अन्यत्रध्यानमोडन र संसदको रोस्टममा उभेर जवाफदिनु पूर्व आफ्नो नैतिक बल पुष्ट गर्न प्रधानमन्त्रीको तयारी होस । यस गिरफ्तारीपछि, वर्तमान सरकार भ्रष्टाचारको मामिलामा कडा भएको तथापात्रजतिसुकै हैभीवेट राजनीज्ञि वाकर्मचारी भएपनि सरकारकार्वाहीगर्न पछि न हट्ने सन्देस त गएकै छ ।

वर्तमान राजनीतिमा भ्रष्ट पात्रहरु रास्वपा र माकेकामात्रचर्चामा छन् भन्ने होइन । स्वयं नेपालीकाँग्रेसकाबालकृष्ण खाण जस्ता हैभीवेट नेताहरु समेत भुटानी शरणार्थी नागरिकताप्रकरणमा धरौटीमा हिरासतमुक्तभएका छन् । यस्तै अन्यप्रकरणहरुमा अन्य पार्टीकाठूला नेताहरु, सचिवस्तर समेतकाउच्चाधिकारी कर्मचारीहरु र एआइजी, डिआइजी र पूर्वआइजीपी समेत अनेकौ पात्रहरु विभिन्नमामिलामा हिरासतमा छन्, धरौटीमा रिहाभएका छन् र जाँचअधिकारीहरुको निगरानीमा छन् ।

मिडियामा प्रायःप्रत्येक दिनप्रकाशित भ्रष्टाचार, आर्थिक अनियमिततातथाहिनामिना र यसमा संलिप्त नेता, कर्मचारी र सुरक्षातन्त्रकापात्रहरुको समाचारलाई हेर्दा यस्तो लाग्छ, मानौं सत्ताको सबै अंगहरुको उद्देश्य बैध वाअवैध जुनसुकै किसिमबाट भएपनिअर्थोपार्जनमात्रभएको छ । हुनपनि संघ होस वाप्रदेश वा स्थानीय सरकार, मौकापाउने बित्तिकै राजनीतिकजनप्रतिनिधिहरुको केही समयमै वर्गोत्थान र समृद्धिले सत्ता राजनीतिक परिदृश्यमा भ्रष्टाचार सर्वस्वीकृत क्रियाकलापभएको जस्तो देखिन्छ । तर गजब के छ भने आफू सत्तामाभएको बेलाआफूसंग भएको सबै ठीक र पवित्र, र अरुसंग मिलेर नया समीकरण बनाएतिनै पात्रहरु रातारात बेठिक, बेमान र भ्रष्ट हुने गर्छन् । अहिले नेपालीकाँग्रेसलेनयाँसरकारी गठबन्धनलाई घेर्न खोजेको यस्तै खेल हो । महराको गिरफ्तारीपछि कदाचितप्रम प्रचण्ड संसदको रोस्टमा उभिएर नेकाले उठाएका प्रश्नहरुको जवाफदिएभने खतरनाक काउन्टर दिनेपनिपक्का छ, किनभने यस सत्ताको भासमा नेकाको हातपनिकालो नै छ ।

वर्तमानसंसदिय राजनीतिमाव्याप्तवित्तीयचरित्र र यस्ता भ्रष्ट आचरणहरु स्वाभाविक मानिन्छन् । तर वर्तमान गणतन्त्रको निम्ति नेपालीजनताले दिएका सहादत र अनेकौं राजनीतिक संघर्षहरुको पृष्ठभूमिमा विचार गर्दा यो दुःखद स्थिति हो । अझ नेपाली राजनीतिमाआफूलाई सैद्धान्तिकता, नैतिकता, त्याग, बलिदान र जनप्रतिबद्धताको सबैभन्दामाथिल्लो शीखरको रुपमा स्थापित र वर्तमान गणतन्त्रको मूख्यकारक माओवादी जनयुद्धको नेतृत्वगर्ने आदर्श पात्रहरुको स्खलनअत्यन्तत्रासदीयुक्तहो ।

माओवादीआन्दोलनमा कृष्णबहादुर महरा र पासाङ्ग नैतिक र आदर्शवादीपात्रहरुको रुपमा परिचितपात्रहरु हुन् । वर्तमानवित्तीयचरित्रको संसदीय राजनीतिमायीपात्रहरुको स्खलनदुःखद र दिक्कलाग्दो समयको पाठ हो । वस्तुतः यो पात्रहरुको होइन, समग्र राजनीतिमाअमानवीयवित्तीयचरित्र र व्यवहारको बढदो भूमिका र मानवीय सरोकारप्रतिको वैचारिक स्खलनको उदाहरण हो । यो वर्तमान सत्तामाथीजनवादीतत्वहरुको नियन्त्रण खुस्कँदै गएको संकेतपनिहो । यो गैर जनवादीतत्व नै हो, जस्ले चुनावी राजनीतिको परिणामलाई अस्थिर बनाउने गर्छ र समग्र राजनीतिमा गठबन्धनको स्थिति सिर्जना गर्छ । फेरी यो वैचारिक स्खलन र गैरजनवादीविचलनमाकेभित्रमात्रै देखिएको छ भन्ने छैन । यस रोगबाट अन्य राजनीतिकदलहरु माकेभन्दाझन् बढी ग्रसित छन् । वस्तुतः यो पात्रभन्दापनि परिस्थितिजन्य समस्याहो ।

केही राजनीतिकदलहरुले सत्ताभित्र देखिने यस्ता विकृततालाई 'व्यवस्थाहोइनअवस्था'को समस्याको रुपमाव्याख्यागर्ने गरेको पाइन्छ । त्यसैले नेपाली राजनीतिमा केहीले 'व्यवस्था फेरियो अवस्था फेरिएन'भन्ने नारा दिइरहेका छन् । तर यस व्यवस्थाभित्र प्रतिबद्ध पात्रहरु समेत गलित भैरहेका छन्तथाव्यवस्थाभित्रजनवादी सरोकारहरु उपेक्षितहुँदै गएका छन्, जसरी बहुसंख्यकश्रमजीविवर्ग र उत्पीडित शोषित समुदायहरु ओझेलमा पर्दै गैरहेका छन्, र जसरी यस व्यवस्थाभित्र राजनीतिक समुदाय जस्तैनागरिक समुदायभित्रनव धनाढ्यवर्ग उदित र वर्चस्व जमाउँदै गैरहेको छ, त्यसले यस व्यवस्थामै समस्या रहेको देखाउँछ । यस्लाई व्यवस्थाकै दोष मान्नु पर्छ किएकातिर गठबन्धनको राजनीतिले व्यवस्थालाई कस्दै गैरहेको छ भने यसै अस्थिर स्पेसभित्रबाट राजतन्त्रवादीतथा संकीर्ण धार्मिक प्रतिगमनकारी फासीवादीतत्वहरु सक्रियहुँदै गैरहेका छन् । यो गठबन्धन सरकारकै परिणाम हो कि सबै सरकार अस्थीरताको सम्भावनाबाट मुक्तहुँदैन र यसैकारण कर्मचारीतन्त्र र सुरक्षातन्त्रभित्रपनि सरकार, मन्त्री र नेताहरुप्रतिविश्वासको संकट स्वाभाविकरुपमाकायम रहन्छ । यो गठबन्धनको अस्थीरता नै हो किखोरमाथुनिने आपराधिकतत्वहरु संघीय र प्रदेश सरकारमामन्त्रीहुनपाएका छन् । व्यवस्थागतनग्नताको हदकतिसम्म छ भने संसद र प्रदेशसभामादुई चारसीट भएका साना पार्टीका सांसदहरु मन्त्रीबन्न पार्टी नै फुटाएर आफू अनुकूलको गर्छन् । यो गठबन्धनको अस्थिरता नै हो किबजार र निजी क्षेत्रले सरकारी आदेशको ठाढै उपेक्षागर्ने साहस गर्छ, र यसै कारण सरकार मात्रै होइन, जनसमुदायबीच समग्र व्यवस्थाप्रहसन र विदुषक जस्तो देखिन्छ । यस्तोमा गठबन्धनको सम्भावनानिषेध गर्ने गरि निर्वाचन प्रणालीको विकास तथाशक्तिसम्पन्ननिर्वाचितकार्यकारी राष्ट्रपतिको चयनको सम्भावनामाविचार गर्नु यो उचित समय हो लाग्छ । हुन त समग्र व्यस्थामा बहुसंख्यकश्रमजीविवर्ग र उत्पीडित जनसमुदायको वर्चस्व कायमनभएसम्म पूर्णरुपमा समस्याको समाधान सम्भव छैन, तरपनियीउपायहरुले यस व्यवस्थामाहाल देखिएको अस्थिरताको समस्यालाई तात्कालिकरुपमा समाधनगर्न सक्छ ।

यस समग्र गन्थनको सार के हो भने वर्तमानव्यवस्था यस्तो पग्लिँने भाँडो हो, जस्मा कडाभन्दा कडा धातुपनिपग्लिन सक्छ, जस्तै माओवादी जनयुद्धका पात्रहरु समेत ! यो प्रसंगभने दुःखदायी छ । लेखको शुरुमा उद्धृत कविपाशको कवितामा यस्तै समयको पीडा अभिव्यक्तभएको छ : "यो सबैथोक हाम्रै पालोमाहुनु थियो /यो शर्मनाक दुर्घटना हामीसंग नै हुनु थियो ।" हैट !

# गरिबीको अवस्था र गरिबोन्मुख मधेश



विपिन पंजियार



शिव नारायण महतो

### परिचय

मानवोचित जीवनयापन गर्न नसक्ने, न्यूनतम सुविधाबाट बञ्चित, आय आर्जनका लागि सीप र साधनमा पहुँच नभएको अवस्था नै गरिबी हो । च्भकयगचअभक, ऋबउबदषष्तिथ र ब्ततष्तगमभ मा गरिब भएपछि समाजमा गरिबी देखापर्छ । क्षमता भएर पनि अवसर भएन भने गरिबी बढ्दै जान्छ । आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पहुँच, अवसर र सहभागिता न्यून भई आय आर्जन, रोजगारी र उत्पादनशीलताको कमीले जीवन निर्वाहमा कठिनाई रहेको अवस्था नै गरिबी हो । गरिबी हेराई, भोगाई र परिस्थिति अनुसार फरक फरक हुन्छ । आर्थिक गरिबीभन्दा मानवीय गरिबी हानिकारक हुन्छ । गरिबीको वर्गीकरणलाई तीनवटा आयामबाट हेर्न सकिन्छ । (क) आयमूलक गरिबी (न्यून आय, न्यून उत्पादन, न्यून रोजगारी, न्यून आयस्तर आदि) (ख) मानवीय गरिबीः (शिक्षा, स्वास्थ्य, खानेपानी, उचित वातावरण आदिको कमी) र (ग) सामाजिक वञ्चितीकरणबाट हुने गरिबी (सामाजिक विभेद, विकृति, लैंगिक असमानता, अवसरको कमी आदि ) ।

मास्लोको आवश्यकता सम्बन्धि सिद्धान्तलाई समेत गरिबीको वर्गीकरणसंग जोडेर हेर्न सकिन्छ :

गरिब मानिसहरु मास्लोको आवश्यकताको सिद्धान्तको निम्न स्तरका आवश्यकताहरु पूर्ती गर्नकै लागि संघर्ष गरिरहन्छ । उनीहरुको प्राथमिकतामा भोजन, आवास, पहिरण, रोजगारी, आय आर्जन जस्ता कुराहरु मात्रै हुन्छन् । शिक्षा, सम्मानजनक रोजगारी र पर्याप्त आय आर्जनको अभाव उनीहरुले आत्म सम्मान र आत्म अनुभूतिका आवश्यकताहरु पूर्ति गर्न सक्दैन ।

गरिबी बहुआयामिक, गतिशील र सापेक्ष हुन्छ । यो देश काल परिस्थिति अनुसार फरक-फरक स्वरुपको हुन्छ । नेपालमा योजनावद्ध विकासको सुरुवात देखि नै गरिबी निवारणका लागि कार्यक्रमहरु संचालन गरिदै आए पनि आठौं योजना (२०४९/५०-२०५३/५४) मा सर्वप्रथम गरिबी घटाउने भनी प्राथमिकता पाएको थियो भने नवौं योजनाले गरिबी निवारणका एकल उद्धेश्य लिएपछि गरिबीलाई बहुआयामिक रुपमा परिभाषित गरि गरिबी निवारणका लक्षित कार्यक्रम घनीभूत रुपमा कार्यान्वयनमा ल्याउदै आएको छ । दशौं योजनाले गरिबीलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक वञ्चितीकरण गरी मुलतः तीन आयाममा विभाजन गरेर सोही अनुरुपको कार्यक्रम संचालन गरेको थियो । पन्ध्रौं योजना( २०७६/७७-२०८०/८१) ले गरिब र धनी बीचको आर्थिक असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनी रहेको जनसंख्या एकल अंकमा ल्याउने लक्ष्य लिएको छ । दीर्घकालिन सोच २१०० मा गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने सोच लिएको छ साथै वि.सं. २१०० सम्म गरिबीलाई शून्यमा झार्ने र वि.सं. २०८०/८१ मा ९.५ प्रतिशतमा गरिबीलाई झार्ने लक्ष्य लिएको छ । त्यसैगरी दिगो विकास लक्ष्य (२०१५-२०३०) मा सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको छ । यसैगरी गरिबी निवारण नीति २०७६ आर्थिक असमानता न्यूनीकरण गर्ने एवं गरिबीको रेखामुनी रहेको जनसंख्या वि.सं. २०८७ सम्म ५ प्रतिशत र वि.सं. २१०० सम्म शुन्यमा झार्ने लक्ष्य लिएको छ । नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने हक, शिक्षाको हक, रोजगारीको हक, खाध सम्प्रभुताको हक, आवासको हक, सामाजिक सुरक्षाको हक र सामाजिक न्यायको हकलाई मौलिक हकको रुपमा राखेको छ । राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा गरिबी निवारणका लागि विभिन्न कार्यक्रमहरु संचालनमा रहेको भएता पनि वास्तविक गरिब एवं बेराजगार पहिचान गरी गरिब लक्षित कार्यक्रमको अभावमा मधेश प्रदेशमा विगत दुई दशकमा गरिबी रेखामुनि रहेका जनसंख्या घट्नुको सट्टा झनै बढेको देखिन्छ ।

### गरिबीको अवस्था

नेपालमा विगत तीन दशकदेखि राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक केन्द्रीय तथ्याङ्क विभाग) ले नेपाल जीवनस्तर सर्वेक्षणका आधारमा उपभोग विधिबाट गरिबीको अनुमान गर्दै आएको छ । नेपालले उपभोग खर्चका आधारमा गरिबीको अनुमान गर्दै आएको छ । यो विधि नेपालको आधिकारिक विधि हो । विश्व बैंकले प्रतिपादन गरेको जीवनस्तर मापन सर्वेक्षण( ीषखष्लन क्तबलमबचमक :भबकगचभझभलत क्ागचखभथ) को अध्यावधिक ढाँचा र विधि अनुसार सञ्चालन गरिएको नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० ले गरिबीको अवस्था आकलन गर्न प्रतिव्यक्ति प्रतिदिन औसतमा २२३६ किलो क्यालोरी आवश्यक पर्ने देखाएको छ । यसभन्दा अगाडी तेस्रो सर्वेक्षण २०६६/६७ मा प्रतिव्यक्ति प्रतिदिन औसतमा २२२० किलो क्यालोरी आवश्यक पर्ने थियो । दुईवटा सर्वेक्षणको अवधि लामो भएको र यस अवधिमा घरपरिवारको उपभोग प्रवृत्तिमा व्यापक परिवर्तन आएकाले तेस्रो सर्वेक्षण २०६६/६७ मा भएका ४० वटा खाद्य वस्तुहरुमा ३७ वटा थप गरि ७७ वटा खाद्य वस्तु समावेश भएको डालो निर्माण गरिएको छ । त्यसैगरी प्रत्येक घरपरिवारमा ९० भन्दा बढी गैर खाद्य वस्तुहरुको उपभोगको परिमाण र खर्च रकमका आधारमा वार्षिक गैर खाद्य गरिबी रेखा तय गरेको छ । यस सर्वेक्षण अनुसार औसत प्रतिव्यक्ति वार्षिक नेपालीको उपभोग खर्च रु.१ लाख ३० हजार ८५३ रहेको छ । यस सर्वेक्षणमा औसतमा प्रतिव्यक्ति प्रतिदिन आवश्यक क्यालोरी २२३६ किलो क्यालोरीका आधारमा आवश्यक खाद्ध गरिबी रु. ३५,०२९ र गैर खाद्य गरिबी रेखा रु. ३७,८७९ गरी कूल न्यूनतम वार्षिक लागत रु. ७२,९०८ लाई गरिबी रेखा कायम गरिएको छ । अन्तर्राष्ट्रिय स्तरमा विश्व बैंकले दैनिक २.१५ अमेरिकी डलरभन्दा कम आय भएका मानिसलाई अति गरिब मानेको अवस्थामा गरिबीको नेपाली मापदण्ड विश्व बैंककै मापदण्डको हाराहारीमा रहेको पाइन्छ । यसरी कायम भएको नयाँ गरिबी रेखा अनुसार नेपालमा गरिबीको दर (एयखभचतथ ज्भबमअयगलत च्बतभ) २०.२७ प्रतिशत रहेको छ । त्यसैगरी शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामिण क्षेत्रमा २४.६६ प्रतिशत रहेका छन् । नेपालमा शहरी क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रमा गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता बढी देखिन्छ । गरिबीको विषमता (एयखभचतथ न्बउ) सूचकले गरिबीको रेखाबाट कति टाढा रहेका छन् भन्ने जानकारी गराउँदछ । नेपालमा गरिबीको विषमता ४.५ प्रतिशत रहेको छ भने शहरी क्षेत्रमा ४ र ग्रामिण क्षेत्रमा ५.६ रहेको छ । मधेश प्रदेशमा गरिबी विषमता ४.६ प्रतिशत रहेको छ । त्यसैगरी गरिबहरुबीचको असमानतालाई गरिबी गहनता (क्त्रगबचभम एयखभचतथ न्बउ) भन्ने गरिन्छ । हाल नेपालमा गरिबी गहनता १.५ रहेको छ भने शहरी क्षेत्रमा १.३ र ग्रामिण क्षेत्रमा १.९ रहेको छ । मधेश प्रदेशमा गरिबी गहनता १.४ रहेको छ । नेपालमा विगत दुई दशकदेखि गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता विस्तारै घट्दै गएको देखिन्छ । वि.सं. २०६०/६१ मा नेपालको गरिबी दर ३०.८५ प्रतिशत रहेकोमा वि.सं. २०७९/८० मा २०.२७ प्रतिशत रहेको छ ।

### मधेश प्रदेशमा गरिबीको अवस्था

१५ वटा विश्लेषणात्मक क्षेत्र कायम गरी गरिएको नेपाल जीवनस्तर सर्वेक्षण चौथोले हरेक विश्लेषणात्मक क्षेत्रका लागि अलग अलग गरिबी रेखा कायम गरेको छ । जसमध्ये सबैभन्दा कम गरिबी रेखा मधेश प्रदेशको ग्रामिण क्षेत्रमा रु. ४७,३४४ र मधेश प्रदेशको शहरी क्षेत्रको रु.५३,३३५ कायम गरेको छ । यसले मधेश प्रदेशको ग्रामिण क्षेत्रमा वार्षिक रु.४७,३४४ रुपैयाँभन्दा कम उपभोग खर्च गर्ने व्यक्ति गरिब हो भन्ने बुझाउँछ । अर्को तर्फ काठमाडौं उपत्यकाको शहरी क्षेत्रको गरिबी रेखा सबैभन्दा बढी १,२९,९३४ रहेको छ । सातवटा प्रदेशहरु मध्ये मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा गरिबी दर नेपालको गरिबी दरभन्दा बढी देखिन्छ भने अन्य बाँकी कोशी, बागमती र गण्डकी प्रदेशमा गरिबी दर नेपालको गरिबी दरभन्दा कम देखिन्छ । मधेश प्रदेशको गरिबी दर २२.५३ प्रतिशत छ भने मधेश प्रदेश शहरी क्षेत्र ( नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका) को गरिबी दर २१.७१ प्रतिशत र मधेश प्रदेश ग्रामिण क्षेत्र (गाउँपालिका) को गरिबी दर २४.९६ प्रतिशत रहेको छ । मधेश प्रदेशमा गरिबीको विषमता ४.६२ प्रतिशत र गरिबीको गहनता १.३६ प्रतिशत रहेको छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो अनुसार कूल गरिबी रेखामुनि रहेको जनसंख्यामा गरिबीको फैलावट हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २५.०८ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ४.८८ प्रतिशत रहेको छ । त्यसैगरी लुम्बिनी प्रदेशमा २२.७६, कोशी १३.८, बाग्मती १२.६८, कर्णाली ६.७४ र सुदुर पश्चिम १४.०२ प्रतिशत रहेका छन् । हाल नेपालमा ५८ लाखभन्दा बढी गरिबी रेखामुनि रहेका जनसंख्या मध्ये मधेश प्रदेशमा करिब १४ लाख ६० हजार भन्दा बढी गरिब जनसंख्या रहेको देखिन्छ ।

नेपालमा साविक केन्द्रीय तथ्याङ्क विभागद्वारा तयार गरिएको नेपालमा गरिबीको लघु क्षेत्र अनुमान अनुसार मधेश प्रदेशका जिल्लाहरुमा वि.सं. २०५८ मा गरिबी दर सप्तरी २८, सिरहा २९, धनुषा २६.९, महोत्तरी २९.१, सर्लाही २६.४, रौतहट ३०.२, बारा २६.९ र पर्सा २३.५ प्रतिशत रहेको थियो । यसरी वि.सं. २०५८ मा मधेश प्रदेशमा कायम रहेका ४६ लाख जनसंख्यामा गरिबी रेखामुनी रहेका जनसंख्या १२ लाख ६७ हजार रहेको देखिन्छ । त्यस समयमा मधेश प्रदेशमा गरिबी दर २७.५ प्रतिशत रहेको थियो । त्यस्तै वि.सं. २०६८ मा मधेश प्रदेशमा गरिबी दर २७.६८ प्रतिशत रहेको थियो । नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार मधेश प्रदेशमा गरिबीदरमा सामान्य कमी भइ हाल २२.५ प्रतिशत गरिबी रहेतापनि यस प्रदेशमा हाल करिब १४ लाख ६० हजार जनसंख्या गरिबी रेखामुनि रहेको देखिन्छ । यसरी २० वर्षको अवधिमा मधेश प्रदेशमा गरिबी रेखामुनि रहेको जनसंख्या करिब २ लाखले बढेको देखिन्छ ।

### विभिन्न चरहरु (Variables) संगको गरिबीको अन्तर सम्बन्ध

नेपाल जीवनस्तर सर्वेक्षण चौथो अनुसार विभिन्न चरहरुसंग गरिबीको अन्तर सम्बन्ध निम्न अनुसार रहेका छन् :-

**क) घरपरिवारमूलीको उमेर तथा लिङ्ग अनुसार गरिबी**

पुरुष वा महिला घरपरिवारमूली हुँदा गरिबी दरमा खासै भिन्नता देखिदैनन् , यी परिवारहरुमा क्रमशः २०.२७ प्रतिशत र २०.२८ प्रतिशत गरिबी रहेको देखिन्छ । तथापि गरिबीको विषमता र गरिबीको गहनता पुरुष घरपरिवार मूली भन्दा महिला घरपरिवारमूलीमा बढी देखिन्छ । त्यसैगरी ४५ वर्षसम्मका महिला घरपरिवारमूली भन्दा पुरुष घरपरिवारमूलीमा गरिबी दर, गरिबी विषमता र गरिबी गहनता बढी रहेको देखिन्छ भने ४५ वर्ष भन्दा माथिका पुरुष घरपरिवारमूली भन्दा महिला घरपरिवार मूलीमा गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता बढी भएको पाइएको छ ।

**ख) घरपरिवारमूलीको शैक्षिक स्तर र गरिबी**

घरपरिवारमुलीको शैक्षिक स्तर बढ्दै जाँदा गरिबी पनि घट्दै गएको पाइएको छ । प्राथमिक शिक्षा पूरा गरेका घरपरिवारमुली भएका परिवारभन्दा निरक्षर घरपरिवारमुली भएका परिवारमा गरिबीदर २.५ गुणा बढी रहेको देखिन्छ । निरक्षर परिवारमूली भएकाहरुको गरिबीदर ३२ प्रतिशत भन्दा बढी छ भने स्नातक वा सोभन्दा माथि उत्तीर्ण गरेका परिवारको गरिबी दर १(एक) प्रतिशत भन्दा कम रहेको पाइएको छ । त्यसैगरी माथिल्लो शैक्षिक योग्यता भएका घरपरिवारमूली हुँदै जाँदा गरिबीको विषमता र गरिबीको गहनता पनि घट्दै गएको पाइएको छ ।

**ग) परिवारमूलीको पेशा अनुसार गरिबी**

कृषि क्षेत्रमा भन्दा सेवा क्षेत्रमा घरपरिवारमुली कार्यरत रहेका परिवारको गरिबीदर तुलनात्मक रुपमा कम देखिन्छ । त्यसैगरी तलब ज्याला लिइ काम गर्ने परिवारमूली भएका परिवारहरु भन्दा स्वरोजगारमा रहेका परिवारमूली भएका परिवारहरुमा कम गरिबी देखिएको छ । कृषि क्षेत्रमा तलब ज्याला लिइ काम गर्ने घरपरिवारमूली भएका परिवारहरुमा सबैभन्दा बढी गरिबी दर (३७.८ प्रतिशत) रहेको छ भने सेवा क्षेत्रमा स्वरोजगरामा रहेका परिवारमूली भएका घरपरिवारहरुमा सबैभन्दा कम गरिबी (७.३ प्रतिशत) पाइएको छ ।

**घ) जग्गाको स्वामित्व र गरिबी**

घरपरिवारको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल बढ्दै जाँदा गरिबीको दर पनि क्रमशः घट्दै गएको पाइन्छ । ०.२ हेक्टर (करिब ६ कठ्ठा) भन्दा कम क्षेत्रफल जग्गा भएका घरपरिवारको गरिबी दर २३.३ प्रतिशत रहेको छ भने २ हेक्टर ( ३ बिगहा) भन्दा बढी जग्गाको स्वामित्व भएका घरपरिवारको गरिबी दर ११.४ प्रतिशत अर्थात ०.२ हेक्टर भन्दा कम जग्गा हुने घरपरिवारको तुलनामा आधा भन्दा कम गरिबी रहेको छ । नेपालमा जग्गाको स्वामित्व नभएका घरपरिवारको गरिबी दर २०.१५ प्रतिशत रहेको छ भने उक्त दर ग्रामिण क्षेत्रमा ३३.४ प्रतिशत र शहरी क्षेत्रमा १७.९ प्रतिशत गहेको पाइएको छ ।

**ङ) सुविधामा पहुँच र गरिबीको अवस्था**

गरिबीको अवस्था र घरपरिवारको सुविधामा रहेको पहुँचबीच सहसम्बन्ध रहेको पाइएको छ । घरपरिवारमा सुविधाको पहुँचभन्दा जति टाढा रहेको छ, गरिबी दर कम्तिमा १.५ गुणाले बढ्दै गएको देखिन्छ । साथै सुविधाको पहुँचभन्दा टाढा रहेका घरपरिवारमा गरिबीको विषमता र गरिबीको गहनता पनि कम छ । ३० मिनेट भित्र सार्वजनिक सेवा सुविधामा पहुँच हुने घरपरिवार औसत गरिबीभन्दा कम रहेको देखिएको छ । बाल विकास केन्द्र, आधारमूत विधालय (कक्षा १ देखि ८ सम्म), माध्यमिक विधालय, सरकारी अस्पताल, मूल बजार, बैंक / वित्तीय संस्था जस्ता सुविधामा पहुँच भएका घरपरिवारहरुको गरिबीमा निकै सुधार भएको देखिएको छ ।

**च) घरपरिवारको आकार र गरिबी**

घरपरिवारको आकार अनुसार गरिबी दर फरक-फरक रहेको पाइएको छ । घरपरिवारमा सदस्य संख्या बढ्दै जाँदा गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता पनि बढ्दै गएको देखिन्छ । घरपरिवारको सदस्य १ जना भएको परिवारमा गरिबीको दर ५ प्रतिशत भन्दा कम रहेको छ भने ७ वा सो भन्दा बढी सदस्य रहेको परिवारमा गरिबीको दर २९ प्रतिशत भन्दा बढी रहेको देखिन्छ ।

**छ) घरपरिवारमा बालबालिको संख्या र गरिबी**

घरपरिवारमा ० देखि ६ वर्षसम्मका बालबालिकाको संख्या थपिदै जाँदा गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता पनि बढ्दै गएको देखिन्छ । ६ वर्षसम्मका बालबालिका नभएका परिवारको गरिबीको दर १४ प्रतिशत रहेकोमा ३ वा सो भन्दा बढी संख्यामा बालबालिका भएको परिवारमा गरिबीको दर ३४ प्रतिशत भन्दा बढी रहेको पाइएको छ ।

**ज) मौसम अनुसार गरिबी**

वर्षा मौसम (असार-असोज) मा गरिबी दर , गरिबीको विषमता र गरिबीको गहनता सबैभन्दा बढी भएको देखिन्छ । त्यसैगरी हिउँद मौसम ( कार्तिक-माघ) मा गरिबी दर , गरिबी विषमता र गरिबीको गहनता सबैभन्दा कम भएको देखिन्छ । वर्षा मौसममा २२.५, हिउँद मौसममा १७.५६ र सुख्खा मौसममा २०.८७ प्रतिशत गरिबीको दर पाइएको छ ।

### मधेश प्रदेशको केही सामाजिक तथा आर्थिक परिदृष्य

**क) न्यून साक्षरता**

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कूल सारक्षता दर ६३.५ प्रतिशत, पुरुष ७२.५ र महिला ५४.७ प्रतिशत रहेको छ । मधेश बाहेक अरु सबै प्रदेशको साक्षरता दर ७६ प्रतिशत भन्दा माथि रहेको छ । भने नेपालको कूल साक्षरता दर ७६.२ प्रतिशत रहेको छ ।

**ख) आर्थिम क्रियाकलाप**

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा १० वर्ष वा सो भन्दा माथि उमेरका ४७ लाख ७० हजार जनसंख्यामध्ये १६ लाख अर्थात एक तिहाइले मात्रै ६ महिना वा सोभन्दा बढी समय काम गरेको देखिन्छ । भने ९ लाख ५० मानिसहरुले वर्षभरिमा ६ महिना भन्दा कम समय मात्रै आर्थिक काम गरेको देखिन्छ । त्यसैगरी २२ लाख मानिसले कुनै पनि आर्थिक काम नगरेको देखिन्छ । काम गर्ने जनसंख्या मध्ये पनि करिब आधा जनसंख्या कृषि क्षेत्रमा कार्यरत रहेको देखिन्छ ।

**ग) बेरोजगारी**

नेपाल श्रम शक्ति सर्वेक्षण सन् २०१७/१८ अनुसार नेपालमा १५ वर्ष वा सोभन्दा माथिका जनसंख्यामा ११.४ प्रतिशत बेरोजगार रहेका छन् । जसमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी २०.१ प्रतिशत मानिसहरु बेरोजगार रहेका छन् । जसमध्ये पुरुष १५.३ र महिला २८.६ प्रतिशत रहेका छन् ।

# प्रतिनिधिसभामा समयमै कानून निर्माण गर्नुपर्नेमा जोड

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्ने सांसदहरुले समयमै कानुन निर्माणका साथै समसामयिक विषय उठान गरेका छन्।

सांसद विमला सुवेदीले राजनीतिक समीकरण परिवर्तन हुँदा सदनको प्राथमिकतामा प्रभाव पार्न नहुने धारणा राखेका छन् । उनले कानुन निर्माणका लागि सदनलाई क्रियाशील बनाउन प्रतिपक्ष सांसदहरुलाई आह्वान गरे । “संसद्मा सङ्घीयता कार्यान्वयनका लागि अतिआवश्यक विधेयक प्रवेश गरिसकेका छन् । यस्ता महत्वपूर्ण विधेयक चाँडो टुङ्गोमा पुऱ्याउनुपर्छ । यस अधिवेशनलाई भरपुररुपमा विधेयक निर्माणमा केन्द्रित गर्नुपर्छ”, उनले भने । सांसद सुवेदीले काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापन र दीर्घकालीन समाधान गर्न सरकारको ध्यानार्कषण गराए ।

सांसद शिशिर खनालले सडक दुर्घटना नियन्त्रणका लागि सरकारले मौनता साध्न नहुने बताए। उनले पछिल्लो १० वर्षमा १९ हजारभन्दा बढीको मृत्युको कारण सवारी दुर्घटनामा भएको भन्दै यसबाट भएको आर्थिक र मानसिक क्षतितर्फ पनि ध्यान दिनुपर्ने बताए।

उनले सरकारद्वारा प्रस्तावित राष्ट्रिय सडक सुरक्षासम्बन्धी कार्ययोजना पारित गर्न नसकेको बताए। यस्तै राष्ट्रिय सडक सुरक्षा परिषद्मा आर्थिक अभावका कारण कर्मचारी व्यवस्थापन हुन नसकेकोतर्फ सरकारको ध्यानार्कषण गराए ।“पछिल्लो एक दशकमा सवारी दुर्घटनामा मृत्यु हुनेको संख्या ६१ प्रतिशतले बढेको छ । यही अवस्था रहे हरेक वर्ष पाँच हजार जना नेपालीले सडकमा ज्यान गुमाउने छन्”, उनले भने ।

सांसद मेटमणि चौधरीले गुठी विधेयक ल्याउन माग गर्दै स्वर्गद्वारीका किसान केन्द्रसम्म धाउँदा पनि सरकारले गुनासो नसुनेको बताए। उनले झण्डै एक महिनादेखि आन्दोलनरत किसानले सदियौँदेखि भोगचलन गर्दै आए पनि स्वामित्व पाउन नसकेको भन्दै तत्काल गुठी विधेयक ल्याउन माग गरे । यस्तै नेपाल संस्कृत विश्वविद्यालयका नाममा अनियमितता भइरहेकोबारे सरकारको ध्यानाकर्षण गराए ।



सांसद अब्दुल खानले देशभित्रको चरम निराशालाई निराकरण गर्न नसकिरहेको बताए। “कतै पहिचानको, कतै सीमाङ्कनको समस्या अझै जरो गाढेर बसिरहेको छ । हामी त्यसतर्फ ध्यान दिइरहेका छैनौँ”, उनले भने, “शिक्षा, स्वास्थ्यमा अर्बौं रकम बराबरको पुँजी पलायन भइरहेको छ । यसतर्फ सरकारले अल्पकालीन र दीर्घकालीन योजना देखिएको छैन ।” उनले देश आयातमुखी बन्दै गएकोप्रति चिन्ता प्रकट गर्दै उद्योग व्यवसायीमा बढ्दो निराशाप्रति सरकारले चासो व्यक्त गर्नुपर्ने बताए।

सांसद रामप्रकाश चौधरीले ठाउँठाउँमा निषेधित क्षेत्र तोक्नुले व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता कुन्ठित भएको बताए। उनले देशभित्र ‘स्पीकर कर्नर’को व्यवस्थापन गर्न माग गरे । सांसद प्रेम सुवालले स्वर्गद्वारी गुठीपीडित किसानको समस्या समाधानतर्फ ध्यानकेन्द्रित गर्न सरकारसँग माग गरे । उनले अन्धविश्वासका कारण हुने अपराध नियन्त्रण गर्न सरकार अझै पनि चुकिरहेको गुनासो गरे । “बहुदल र गणतन्त्र आएको ३५ वर्ष भयो । बालविवाह, छाउगोठ, बोक्सीजस्ता अन्धविश्वास र मानवता विरोधी गतिविधि रोक्नका लागि सरकार असफल भयो”, उनले भने, “३५ वर्ष यता मन्त्री भएकाहरुलाई अन्धविश्वास र मानवताविरोधी अपराध नियन्त्रण गर्न किन सक्नुभएन ?”

सांसद चित्रबहादुर केसीले कालीगण्डकीको गिट्टी, बालुवा उत्खननमा बिचौलिया हाबी भएको बताए। उनले सम्बन्धित नगरपालिकाले गिट्टी, बालुवा उत्खनन गर्न पाउनुपर्ने मागसमेत राख्नुभयो। “तीन वर्षअघि सर्वोच्च अदालतले कालीगण्डकीको गिटी, बालुवा उत्खनन नगर्न फैसला गरेर रोक लगाएको थियो । तर अहिले विचौलीयाले लगातार उत्खनन गरिरहेका छन् । नगरपालिकाले त्यो गिट्टी, बालुवा झिक्न सकेको छैन”, उनले भने ।

सांसद प्रभु साहले अवैध उत्खननको विरोध गर्दा मृत्यु भएका धनुषा जिल्लाका दिलीप महतोलाई सहिद घोषणा गर्दै पीडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गरे । उनले भने, “अवैध उत्खननको विरोध गर्दा क्रसर व्यवसायीद्वारा हत्या गएिका दिलीप महतोलाई अहिलेसम्म सहिद घोषणा गरिएको छैन । पीडित परिवार काठमाडौँमा न्यायको खोजीमा काठमाडौँसम्म आइपुगेको छ ।”

सांसद जीवन परियारले पोखरालाई पर्यटकीय राजधानीको घोषणा गर्ने निर्णयप्रति सरकारसँग आभार प्रकट गरे । उनले आमजनतामा निराशा बढेको भन्दै सुशासनका लागि सहकारीपीडितलाई न्याय दिनेदेखि सुन तस्करलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए। “सुन तस्करीमा संलग्न कोही दोषीहरु उम्किन नपाउनु, निर्दोष नपरोस्”, उनले भने । अनुसन्धानका क्रममा राजनीतिक आग्रह र पूर्वाग्रह नराख्नतर्फ सचेत गराए ।

सांसद ऋिषिकेश पोखरेलले सहकारीमा देखिएको समस्याको तत्काल समाधान खोज्नुपर्ने माग गरे । उनले सहकारी आन्दोलनको संरक्षण गर्न अधिकारसम्पन्न छानबिन आयोग बनाउन सरकारसँग माग गरे ।

उनले सहकारी अभियानलाई कालोधनलाई सेता धन बनाउने धन्दाका रुपमा प्रयोग गर्दा समस्या उत्पन्न भएको दाबी गरे । “देशभर २९ हजार आठ सय ८६ सहकारी संस्था क्रियाशील छन् । यस्तो पवित्र संस्था सोमबार गम्भीर घाइते अवस्था छ । राज्यले समयअनुकूल कानुनको व्यवस्था गर्न नसक्दा, नियामक निकाय गैरजिम्मेवार बनिदिँदा विभिन्न बेला राजनीतिक हस्तक्षेप भइदिँदा समस्या आएको छ”, उनले भने ।

सांसद किरणकुमार साहले समयसाक्षेप शैक्षिक प्रणालीको विकास गर्नुपर्नेमा जोड दिए। “हामी सबैले छातीमा हात राखेर मनन् गरौँ । के अहिलेको शिक्षा अहिलेको पुस्तालाई काम लाग्ने छ ? के यसले हाम्रो स्रोतसाधनको उचित प्रयोग गरी देशमा उत्पादन बढाउँछ ? पक्कै पनि बढाउँदैन”, उनले भने ।

सांसद दीपकबहादुर सिंहले सुन तस्करीका विषयमा निष्पक्ष अनुसन्धान गर्नुपर्ने बताए। सांसद कल्पना चौधरीले पछिल्लो समय राजनीतिक नेतृत्वले दिने अभिव्यक्तिले जनतामा नेतृत्वप्रति नै अविश्वास बढेको बताए। सांसद बिजुला रायमाझीले वर्तमान राजनीतिक समीकरणले विगतबाट सिक्दै नयाँ शिराबाट कामको थालनी गर्नुपर्नेमा जोड दिए ।

# खाद्य सुरक्षामा पर्ने असरबारे सचेत हुन प्रधानमन्त्रीको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले खाद्य प्रणाली रूपान्तरणका कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा लैजान दिर्नेशन दिनुभएको छ । प्रधानमन्त्री कार्यालयमा सोमबार बसेको खाद्य प्रणाली प्रतिबद्धता समीक्षासम्बन्धी उच्चस्तरीय बैठकमा प्रधानमन्त्री प्रचण्डले खाद्य संयुक्त राष्ट्रसङ्घलगायत विकास साझेदार निकायहरूलाई पनि खाद्य रूपान्तरणका कार्यक्रमलाई प्रभावकारी तुल्याउन आग्रह गरेका छन्।



बैठकमा नेपालले अन्तर र्ाष्ट्रिय सम्मेलन तथा संवादहरूमा जनाएका प्रतिबद्धताहरूको प्रगति समीक्षा गरिएको हो । “कार्यप्रणाली रूपान्तरणका कार्यक्रमहरू कार्यान्वयनमा लैजानुपर्छ”, प्रधानमन्त्री प्रचण्डले भने, “साथै राष्ट्रसङ्घलगायत विकास साझेदार निकायले पनि खाद्य प्रणाली रूपान्तरणका योजना तथा कार्यक्रम मूलप्रवाहीकरण गर्न आग्रह गर्दछ ।”

खाद्य प्रणाली रुपान्तरणका पक्षमा नेपालले गरेका प्रयासहरू विभिन्न मञ्च तथा सम्मेलनमा सराहना भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले १६औँ आवधिक योजनाको पहिलो वर्षका रूपमा रहने आगामी आर्थिक वर्ष २०८१/८२ को योजना तथा बजेटमा खाद्य प्रणाली रूपान्तरण राजनीतिक योजनालाई प्राथमिकतासाथ समावेश गर्न दिर्नेशन दिए ।

खाद्य सुरक्षा तथा पोषणका क्षेत्रमा नेपालले प्राप्त गरेको प्रगति र सिकाइलाई आत्मसात गर्दै अझ सुधारका लागि सबै पक्षले सहकार्य गर्न जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले खाद्यमा नागरिकको हक तथा पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिए । जलवायु परिवर्तनबाट खाद्य प्रणालीमा पर्नसक्ने असरहरूलाई न्यूनीकरणमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले उत्पादन र उत्पादकत्व बृद्धिका साथै प्रतिस्पर्धात्मक क्षमता सुदृढ गर्दै समृद्धितर्फ अघि बढ्नुपर्नेमा जोड दिए ।

“सामाजिक न्याय, सुशासन र समृद्धि हाम्रो उच्च प्राथमिकताको विषय हो”, प्रधानमन्त्रीले भने, “यसलाई खाद्य प्रणाली रूपान्तरणसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र रणनीतिहरू यसै दिशामा कार्यान्वयन गर्न निर्देशन दिन्छु ।”

दिगो विकास लक्ष्य प्राप्त गर्न सात वर्षभन्दा कम अवधि रहेको र खाद्य प्रणाली रूपान्तरणलाई उच्च प्राथमिकताका र तिव्रताका साथ कार्यान्वयन गर्नुपर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले २०२६ सम्ममा हामी अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने क्रममा रहेको सन्दर्भमा खाद्य प्रणाली रूपान्तरणको एजेण्डा अझ बढी सान्दर्भिक भएको उल्लेख गरे ।

प्रधानमन्त्री प्रचण्डले खाद्य प्रणाली रूपान्तरण एक बहुआयामिक, बहु-तहगत र बहुपक्षीय विषय भएकाले आगामी दिनमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरूलाई आ-आफ्नो निकायको तर्फबाट उच्च प्राथमिकता दिई समन्वयात्मक रूपमा कार्यान्वयन गर्न ध्यानाकर्षण गराए ।

# बिम्स्टेकबाट आर्थिक विकासको लाभ लिन सांसदहरुको आग्रह



**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को बडापत्रमाथि छलफल गर्दै सांसदहरुले नेपालको आर्थिक विकासका क्षेत्रमा यस मञ्चलाई उपयोग गर्न आग्रह गरेका छन्।

बैठकमा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले ‘बिम्स्टेक बडापत्र’ माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।

छलफलमा भाग लिँदै सांसदहरुले बिम्स्टेकको सदस्य राष्ट्र हुनुको नाताले गरिबी उन्मुलनलगायत ऊर्जा, पर्यटन, यातायात सञ्जाल, पूर्वाधारको विस्तार र जलवायु परिवर्तनको असर न्यूनीकरणलगायत विषयमा नेपालले यसबाट लाभ लिनसक्नुपर्नेमा जोड दिए ।

उनीहरुले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई पनि प्रभावकारी बनाउन जोड दिए ।

छलफलमा सांसदहरुले बिम्स्टेक र सार्कलाई सँगसँगै गति दिन नेपालले ध्यान दिनुपर्ने आग्रह गर्दै भू-राजनीतिक प्रभावबाट नेपाल मुक्त हुनुपर्ने जनाए । उक्त छलफलमा सांसदहरु रघुजी पन्त, योगेशकुमार भट्टराई, शिशिर खनाल, मेटमणि चौधरी, मनिष झा, अब्दुल खान, अमरबहादुर थापा, रञ्जुकमारी झा, चित्रबहादुर केसी, प्रेम सुवाल, प्रदीप पौडेल, ध्रुवबहादुर प्रधान, विनिता कठायत र सञ्जयकुमार गौतमले भाग लिएका थिए ।

छलफलमा उठेका विषयमा जवाफ दिँदै उपप्रधानमन्त्री श्रेष्ठले प्राप्त सुझावहरुलाई गम्भीरतापूर्वक मनन् गर्दै दक्षिण पूर्वी मुलुकबीच सहकार्य बढाउन क्षेत्रीय मञ्च स्थापना भई यस क्षेत्रमा आर्थिक वृद्धि र सहयोगलाई विस्तार गर्ने बिम्स्टेकको लक्ष्य अवगत गराए ।

उक्त मञ्चमा सदस्य भएपछि नेपालले सक्रिय सहभागिता गर्दै आएको भन्दै उनले प्राथमिकताका क्षेत्र पहिचान गरी विकासका क्षेत्रमा लाभ लिन योजनाबद्धरुपमा सरकारले काम गरिरहेको स्पष्ट गरे ।

उपप्रधानमन्त्री श्रेष्ठले सदस्य मुलुकमध्ये अधिकांशले बडापत्रको अनुमोदन गरिसकेकाले नेपालले पनि अनुमोदन गरी थाइल्याण्डमा हुने यसको शिखर बैठकमा सक्रिय सहभागिताको तयारी गरेको जानकारी दिए ।

बिम्स्टेकका साथै सार्कलाई पनि उत्तिकै अगाडि बढाउनुपर्नेमा सरकार स्पष्ट रहेको भन्दै सार्कको आफ्नै महत्व रहेकाले बिम्स्टेकले यसलाई प्रतिस्थापन गर्न नसक्ने उनले बताए।

नेपाल सरकारले सार्कलाई गति दिने सवालमा आफ्नोतर्फबाट पहल गरिरहेको उपप्रधानमन्त्री श्रेष्ठले अवगत गराए । सन् १९९७ मा स्थापना भएको बिम्स्टेकमा नेपाल सन् २००४ मा आबद्ध भएको थियो । सात राष्ट्र सदस्य रहेको यस मञ्चको हाल नेपाल अध्यक्ष रहेको छ ।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले ‘अन्तर र्ाष्ट्रिय सौर्य गठबन्धन (आइएसए) को स्थापनासँग सम्बन्धित सम्झौता पेस गरे भने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पद्म गिरीले ‘सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द् धनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८०’ माथि राष्ट्रियसभाबाट प्राप्त संशोधनमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गरे ।

बैठकमा सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा सदस्य मञ्जु शर्मा अन्सारीको यही चैत ४ गते निधन भएकाले जनता समाजवादी पार्टी (जसपा)का तर्फबाट सामानुपातिकतर्फको एक स्थान रिक्त रहेकाबारे नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम जानकारी गराएका थिए ।

बैठकमा उपसभामुख इन्दिरा रानाले प्रतिनिधिसभाको विभिन्न समितिमा सदस्यहरुको हेरफेर प्रस्ताव गर्दा सभाले सहमति जनाएको थियो । उपसभामुख रानाले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिको रिक्त सभापति पदको निर्वाचन यही चैत ७ गते दिउँसो १ बजे हुनेगरी सूचना प्रकाशन गर्न संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयलाई निर्देशन दिए ।

# वर्षातको पानी सङ्कलन र व्यवस्थापन आवश्यकः मन्त्री बस्नेत

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा, सिँचाइ तथा जलस्रोतमन्त्री शक्तिबहादुर बस्नेतले वर्षातको पानी सङ्कलन र व्यवस्थापन गरी दिगो विकासका लक्ष्य हासिल गर्न सकिनेमा जोड दिएका छन् ।

सोमबारदेखि ललितपुरमा सुरु ‘वर्षातको पानी सङ्कलन र व्यवस्थापन’ विषयक क्षेत्रीय अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले भने, “जलवायु परिवर्तनका कारण पानीका परम्परागत स्रोत सुक्दै गएका छन् । त्यसैले आगामी दिनमा पानीको समस्या आउन नदिन वर्षाको पानी सङ्कलन र व्यवस्थापन आवश्यक छ ।”



उनले जलवायु परिवर्तनको बढ्दो समस्याले पानीको मुहान सुक्ने खतरा बढिरहेको भन्दै पानी स्रोत नै सुरक्षित भएन भने हाम्रो भविष्य पनि सुरक्षित नहुने बताए। उनले भने, “पानीको सहज उपलब्धता हुनुपर्नेमा दिगो विकासका लक्ष्यले जोड दिएको छ ।

पानीको उपलब्धता बढाउन वर्षातको पानी सङ्कलन र व्यवस्थापनमा जोड दिनुपर्छ ।”

बढ्दै गएको पानीको अभाव र अधिक वर्षाका कारण हुने क्षतिलाई दृष्टिगत गरी तिनको समाधान खोज्न स्मार्टवास सोलुसन्स् प्रालि र नेदरल्याण्ड्स विकास नियोग संस्था (एसएनभी) नेपालको आयोजना र खानेपानी तथा ढल व्यवस्थापन विभाग र नेपाल रेनवाटर हार्भेष्टिङ् एलायन्सको समन्वयमा सम्मेलन सुरु भएको हो । सम्मेलन मंगलबारसम्म चल्नेछ

सम्मेलनको सहआयोजकमा इन्टरनेशनल रेनवाटर हार्भेष्टिङ एलायन्स, वाटर एड नेपाल, नेपाल वाटर फर हेल्थ र डब्ल्युडब्ल्युएफ छन् ।

युनिसेफ, विश्व स्वास्थ्य सङ्गठन, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), नगर विकास कोष, बायोग्यास सपोर्ट प्रोग्राम, हेल्भेटास नेपाल, नेपाल खुला विश्वविद्यालय, ग्लोबल पिस फाउण्डेशन, दियालो टेक्नोलोजिज, युथ एलायन्स इन्भाएरोमेन्ट र बेष्ट पानीलगायत सङ्घसंस्थाले सम्मेलनलाई सहयोग गरेका छन् ।

> सोमबारदेखि ललितपुरमा सुरु “वर्षातको पानी सङ्कलन र व्यवस्थापन” विषयक क्षेत्रीय अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले भने,, जलवायु परिवर्तनका कारण पानीका परम्परागत स्रोत सुक्दै गएका छन् ।

जलवायु परिवर्तनको असरले पानीको अभाव हुनसक्ने भन्दै समयमै समस्याको पहिचान र समाधानमा लाग्नुपर्नेमा मन्त्री बस्नेतले जोड दिए । उनले पानी स्रोत संरक्षणमा पनि जोड दिनुपर्ने आवश्यकता औँल्याए ।

“नेपालमा आकाशे पानी सङ्कलन र व्यवस्थापनको राम्रो सम्भावना छ । पानीको सङ्कट निम्तिएमा मानव समुदाय, कृषि, तथा जैविक विविधता संरक्षणमा ठूलो असर पुग्छ”, उनले भने, “पानी अभावले हुनसक्ने सम्भावित जोखिम र असरबाट जोखिन सबैको पहल आवश्यक छ ।” त्यसअवसरमा पूर्वमन्त्री गणेश साहले पानीको स्रोत संरक्षण, व्यवस्थापन तथा आकाशे पानी सङ्कलन व्यवस्थापनमा जोड दिएका छन् ।

स्मार्ट वास सोलुसन्स् एवम् आयोजक समितिका अध्यक्ष ई रामदीप साहले पानी जीवनका लागि अत्यावश्यक भएको भन्दै पानीका मुहान संरक्षणको महत्वबार प्रकाश पारे । “जहाँ पानी प्रचूर मात्रामा उपलब्ध छ, त्यहाँ मानव सभ्यता विकास हुँदै गएको छ । भौतिक र औद्योगिक विकास बढ्दै गइरहेका छन्”, उनले भने, “जहाँ पानीको अभाव छ, ती स्थानहरु भौतिक र मानवीय विकासको सूचकाङ्कमा पछि परेका छन् ।”

उनले जलवायु परिवर्तनका कारण नियमित वर्षामा भइरहेको अवरोधले पानीका परम्परागत स्रोतमा पनि प्रतिकुल असर परिरहेको र पानीका मूलहरु सुक्दै गएको बताए। हिउँ पग्लने गति बढिरहेकोमा उनले चिन्ता जनाए । “एक अनुमानमा सन् २०५० सम्म विश्वका पाँच अर्ब ७० करोड मानिसले वर्षमा एक महिना खानेपानीको पनि अभावको सामना गर्नुपर्ने उल्लेख छ”, साहले भने, “एकातिर पानीको अभावको भयावह स्थिति छ भने अर्कोतर्फ जलवायु परिवर्तनका कारण संसारभर वर्षाको प्रवृत्ति परिवर्तन भइरहेको छ ।”

उनले सम्मेलनमा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विज्ञहरुले ३१ वटा कार्यपत्र प्रस्तुत हुने जानकारी दिए । ती कार्यपत्रहरु वर्षातको पानी सङ्कलन र व्यवस्थापनका नीति, नियमन र संस्थागत ढाँचा, सन् २०३० सम्म सबैका लागि स्वच्छ खानेपानी आपूर्ति गर्ने दिगो विकास लक्ष्यको सन्दर्भमा वर्षातको पानीको उपयोगितालगायत विषयमा केन्द्रित हुने उनको भनाइ छ ।

# रुसलाई धम्क्याउन नसकिने पुटिनको भनाइ



**एएफपी**

मस्को । रुसी नेता भ्लादिमिर पुटिनले चुनावी जितको प्रशंसा गर्दै रुस 'धम्कीबाट डराउन नहुने' बताउनुभएको छ । निर्वाचनले पूर्व जासुस पुटिनका लागि दुई सय वर्षभन्दा अधिक समयमा सबैभन्दा लामो समय सेवा गर्ने रुसी नेता बन्न मार्ग प्रशस्त गरेको छ ।

एकहत्तर वर्षीय पुटिनका सबै प्रमुख प्रतिद्वन्द्वी मरिसकेका छन्, कारागारमा छन् वा निर्वासित छन् । साथै उहाँले युक्रेनमा आफ्नो शासन वा सेनाको आक्रमणको सार्वजनिकरूपमा विरोध गर्ने जोकोहीमाथि कठोर कारवाही गर्नुभएको छ ।

"म तपाईंको समर्थन र यो विश्वासका लागि तपाईं र मुलुकका सबै नागरिकलाई धन्यवाद दिन चाहन्छु", मतदान समाप्त भएको केही घन्टापछि सोमबार बिहान मस्कोमा आफ्नो निर्वाचन अभियान मुख्यालयमा पत्रकार सम्मलेनमा पुटिनले भन्नुभयो, "जसले जति धम्की दिन वा हाम्रो इच्छाशक्ति र हाम्रो चेतनालाई दबाउन चहेको भए पनि यसबाट कुनै फरक पर्दैन, इतिहासमा कोही पनि यस्तो तरिकाले सफल भएको छैन, यसले अब काम गर्दैन र भविष्यमा पनि कहिल्यै गर्नेछैन ।"

सरकारी समाचार एजेन्सी आरआइएका अनुसार आधिकारिक निर्वाचन निर्वाचन आँकडाले ९९ प्रतिशतभन्दा बढी मतदान केन्द्रले दिएको परिणाममा पुटिनले ८७ प्रतिशत मत प्राप्त गर्नुभएको छ । कुनै पनि वास्तविक प्रतिस्पर्धाको सामना गर्नु नपरेको राष्ट्रपति निर्वाचनमा यो उहाँको रेकर्ड जित हो ।

तीन दिने निर्वाचनमा घातक युक्रेनी बमबारी, किएभ समर्थक तोडफोड समूहहरू र मतदान केन्द्रहरूमा तोडफोडले रुसी क्षेत्रमा घुसपैठमा वृद्धि भएको थियो ।

क्रेमलिनले निर्वाचनलाई रुसीहरूका लागि युक्रेनमा पूर्णस्तरको सैन्य अभियानपछाडि आफ्नो समर्थन दिन एउटा अवसरका रूपमा लिएको थियो ।

रुस नियन्त्रित क्षेत्रमा पनि मतदान भएको थियो ।

पुटिनले मस्कोमा निर्वाचनपछि आफ्नो भाषणमा युक्रेनमा लडिरहेका रुसी सैनिकहरूलाई विशेष धन्यवाद दिनुभयो । साथै उहाँले एक सातापछि पनि युक्रेनले रुसमाथि आफ्ना केही सबैभन्दा महत्त्वपूर्ण हवाई हमला र युक्रेन समर्थक मिलिसियाले रुसी सीमावर्ती गाउँहरूमा सशस्त्र हमला सुरु गरे पनि आफ्नो सेनालाई युद्धको मैदानमा ठूलो फाइदा भएको बताउनुभयो । किएभ र उसका सहयोगीहरूले मतदानलाई नाटक भनेका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पुटिनलाई 'सत्ताको नशामा डुबेको तानाशाह' भन्दै आलोचना गर्नुभयो । "आफ्नो व्यक्तिगत शक्ति बढाउनका लागि प्रतिबद्धता गर्नु कुनै खराबी होइन", उहाँले भन्नुभयो ।

मतदानको पहिलो दिन शुक्रबार युरोपेली सङ्घ (इयु) का प्रमुख चार्ल्स मिसेलले पुटिनलाई उहाँको 'प्रचण्ड जीत' मा व्यङ्ग्यात्मक तरिकाले बधाई दिनुभएको थियो ।

बेलायतका विदेशमन्त्री डेभिड क्यामरुनले विरोध प्रदर्शनमा आफ्नो आवाज थप्दै भन्नुभयो, "यो स्वतन्त्र र निष्पक्ष निर्वाचन जस्तो देखिँदैन ।" अमेरिकाले मस्कोले कब्जा गरेका युक्रेनी क्षेत्रहरूमा मतदान गराएकामा आलोचना गरेको छ । भेनेजुएला, निकारागुवा, क्युबा र बोलिभियाका नेताहरूले पुनः राष्ट्रपतिमा निर्वाचित भएकामा पुटिनलाई बधाई दिएका छन् ।

पुटिनले अर्को एक पूर्ण क्रेमलिन कार्यकाल पूरा गर्नुभयो भने उहाँ १८औँ शताब्दीमा क्याथरिन दि ग्रेटपछि कुनै पनि रुसी नेताको तुलनामा उहाँ सबैभन्दा लामो समय सत्तामा रहनुहुनेछ । पुटिनका प्रमुख प्रतिद्वन्द्वी दवङ्गत एलेक्सी नभाल्नीले उहाँको अपरिहार्य जीतलाई बिगार्ने प्रयास गर्नुभएको थियो । उहाँले मतदाताहरूलाई मध्याह्नमा मतदान केन्द्रहरूमा भीड बढाउन र आफ्नो मतपत्र बिगार्न आग्रह गर्नुभएको थियो । नभाल्नीको गत महिना आर्कटिक कारागारमा मृत्यु भएको थियो ।

**पुटिनलाई चीनको बधाई**

यसैबीच रुसको प्रमुख सहयोगी चीनले सोमबार राष्ट्रपति पुटिनलाई चुनाव जितेकामा बधाई दिएको छ ।

"चीन यसका लागि बधाई व्यक्त गर्दछ", नियमित पत्रकार सम्मेलनमा मतदानका बारेमा सोधिएको प्रश्नमा विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भन्नुभयो, "चीन र रुस नयाँ युगमा एकअर्काका सबैभन्दा ठूलो छिमेकी र व्यापक रणनीतिक सहयोगी साझेदार हुन् ।"

"राष्ट्रपति सी जिनपिङ र राष्ट्रपति पुटिनको रणनीतिक मार्गनिर्देर्शनमा चीन-रुस सम्बन्ध अगाडि बढिरहनेछ भन्ने हाम्रो दृढ विश्वास छ", यस वर्ष दुवै मुलुकबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औँ वार्षिकोत्सव मनाउने उल्लेख गर्दै प्रवक्ता लिनले भन्नुभयो, "दुवै राष्ट्राध्यक्षले घनिष्ठ आदानप्रदान जारी राख्न, दुवै मुलुकबीच लामो समयदेखिको असल छिमेकी मित्रतालाई कायम राख्न, व्यापक रणनीतिक समन्वयलाई गहिरो बनाउन र नयाँ युगमा चीन-रुस सम्बन्धको निरन्तर विकासलाई प्रवर्द्धन गर्न नेतृत्व गर्नुहुनेछ ।"

# आयरल्यान्डविरुद्धको खेलका लागि ४० खेलाडी प्रारम्भिक टोलीमा



**टुडे समाचारदाता**

काठमाण्डु । आयरल्यान्डको टीम 'ए'विरुद्ध हुने खेलका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले सोमबार ४० जना खेलाडीलाई प्रारम्भिक टोलीमा समावेश गरेको छ ।

नेपाल 'ए'ले आयरल्यान्ड ' ए'सँग तीन एक दिवसीय र तीन ट्वान्टी-२० खेल खेल्नेछ ।

जसका लागि छनोटमा परेका ४० जना खेलाडीलाई बन्द प्रशिक्षणका लागि बोलाएको हो ।

बन्द प्रशिक्षणमा बोलाइएका खेलाडीमा देव खनालसहित विनोद भण्डारी, आरिफ शेख, हरिशङ्कर साह, रित गौतम, पवन सर्राफ, अर्जुन साउद, नरेन भट्ट, दिलीप नाथ, विवेक यादव, बसिर अहमद, विपिन खत्री र श्याम ढकाल (मौसम) छन् ।

त्यसैगरी रञ्जित कुमार, विकास आग्री, नारायण जोशी, सन्दीप जोरा, लोकेश बम, भीम सार्की, मायन यादव, अर्जुन कुमाल, रुपेश सिंह, साहब आलम, अर्जुन घर्ती, शेर मल्ल, दीपेश कँडेल तथा रिजन ढकाल समावेश छन् ।त्यस्तै आकाश चन्द, कमलसिंह ऐरी, किरण ठगुन्ना, सुजन थपलिया, रासिद खान, दिनेश अधिकारी, सागर ढकाल, दीपेन्द्र राउत, सुवास भण्डारी, आशुतोष घिरैया, हेमन्त धामी र नरबहादुर सार्की छन् ।

नेपाल 'ए' र आयरल्यान्ड ' ए' बीच यही चैत १३, १६ र १८ गते ट्वान्टी ट्वान्टी खेल हुनेछ भने त्यस्तै चैत २१, २३ र २५ गते एकदिवसीय खेल हुनेछ । त्यसअघि आयरल्यान्ड 'ए' टोलीले नेपालको सिनियर टोलीसँग यही चैत ११ र १२ गते ट्वान्टी ट्वान्टी खेल खेल्नेछ ।

# कार्गिल योद्धा सुरेशको स्मृतिमा फुटबल प्रतियोगिता



**टुडे समाचारदाता**

झापा । भारत र पाकिस्तानबीच २५ वर्षअघि भएको कार्गिलमा भएको सीमायुद्धमा ज्यान गुमाउने सिपाही सुरेश थापा क्षेत्रीको स्मृतिमा बाहुनडाँगी जेसीजले फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

नेपाल र भारतका आठ वटा क्लवले प्रतिष्पर्धा गर्ने 'कार्गिल सहिद सुरेश क्षेत्री स्मृति दोस्रो जेसिज नकआउट फुटबल प्रतियोगिता' यही चैत १५ देखि २२ गतेसम्म सञ्चालन हुने बाहुनडाँगी जेसीजका अध्यक्ष देबु बानियाँले बताए । प्रतियोगितामा भारतको किरालाम जोत एकलब्य क्लवले समेत सहभागिता जनाउँदैछ ।

भारतको जम्मु कश्मिर सीमा क्षेत्रमा युद्धको क्रममा सन् १९९९ जुलाई ७ तारिखमा ज्यान गुमाउँदा भारतीय सेनाको नागाल्यान्ड रेजिमेन्टमा कार्यरत सुरेश क्षेत्री २६ वर्षका मात्र थिए । मेचीनगर-४ बाहुनडाँगीका वडाध्यक्ष अर्जुन कार्कीले सुरेश आफ्नो बाल्यकालको साथी भएको बताए । "हामीसँगै स्कुल जान्थ्यौं, सँगै फुटबल पनि खेल्थ्यौं", वडाध्यक्ष कार्कीले क्षेत्रीसँग बाल्यकालमा बिताएका क्षणहरु सम्झँदै भने, "पछि ऊ भारतीय सेनामा भर्ती भयो ।

कार्गिल युद्धमा जीवन गुमायो । अहिले जेसिजले स्मृतिमा फुटबल प्रतियोगिता आयोजना गर्दा पुराना दिनहरु ताजा भएका छन् ।"

सन् १९९३ मा भारतीय सेनामा भर्ती भएका सुरेशको विवाह सन् १९९६ मा मञ्जु थापासँग भएको थियो । कार्गिलमा मृत्यु भएको चार महिनापछि उनीहरुको एक छोरा सुमन सुरेश कार्गिल क्षेत्रीको जन्म भएको थियो । सुरेशकी पत्नी मञ्जु र छोरा सुमन हाल सीमावर्ती दार्जीलिङको नक्सलबारीमा बसोबास गर्दै आएका छन् ।

फुटबल प्रतियोगिता सञ्चालनका लागि कार्गिल योद्धा सुरेशका दाजु रामु थापा क्षेत्रीले बाहुनडाँगी जेसिजलाई रु तीन लाख १० हजार आर्थिक सहयोग दिएको अध्यक्ष बानियाँले जानकारी दिए । प्रतियोगिताका बिजेता टिमलाई रु एक लाख एक हजार र उपविजेता टिमलाई रु. ५१ हजार नगद पुरस्कार दिइने भएको उनले बताए ।

"मूलतः खेलाडी उत्पादन गर्ने हाम्रो उद्देश्य हो", प्रतियोगिताको आयोजक जेसिजका अध्यक्ष बानियाँले भने, "बाहुनडाँगी फुटबल खेलका लागि उर्वर भूमि हो । नयाँ खेलाडी उत्पादन गरेर फुबटल खेलको माध्यमबाट यस ठाउँको चिनारी गराउन लागिरहेका छौं ।"हात्ती प्रभावित क्षेत्रका रुपमा वर्षौदेखि चिनिएको बाहुनडाँगीमा फुटबलका राम्रा खेलाडी छन् । बाहनुडाँगीका आदित्य कार्की हाल मालद्वीपको राष्ट्रिय ए डिभिजन टिमको कोच छन् भने सेवन्त थापा मगर यु-१९ को अन्तर्राष्ट्रिय खेलाडी र विशाल राई झापा फुटबल क्लवका उत्कृष्ट खेलाडी हुन् ।

# अडानी समूहले कूल लगानीको ७० प्रतिशत हरित ऊर्जामा लगानी गर्ने




**एनआई**

नयाँदिल्ली । भारतको अडानी समूहले आफ्नो कूल लगानीको ७० प्रतिशतभन्दा धेरै हरित ऊर्जामा लगानी गर्ने अपेक्षा गरिएको स्रोतहरूले बताएका छन् । यसमा नवीकरणीय ऊर्जा, हरित हाइड्रोजन र हरित निकासी प्रसारण लाइन समावेश छ ।

समूहले गुजरातको खावडामा विश्वको सबैभन्दा ठूलो नवीकरणीय पार्क बनाइरहेको छ । यो पाँच सय ३० वर्गकिलोमिटरभन्दा बढी भागमा फैलिएको छ । स्रोतका अनुसार अडानी समूहले मुलुकको पूर्वाधार विकासमा ११ वटा सूचीबद्ध कम्पनीहरूको आफ्नो पोर्टफोलियोमार्फत आर्थिक वर्ष २०२४/२५ मा १४ अर्ब अमेरिकी डलर लगानी गर्ने योजना बनाएको छ । चालु आर्थिक वर्ष २०२३/२४ मा गरेको लगानीको तुलनामा यो अनुमानित पूँजीगत खर्च ४० प्रतिशतले बढी हो । यो १० अर्ब अमेरिकी डलर हुने अनुमान गरिएको छ ।

नवी मुम्बई विमानस्थल, गङ्गा एक्सप्रेसवे, खावडामा विश्वको सबैभन्दा ठूलो नवीकरणीय पार्क र मुन्द्रा बन्दरगाहजस्ता 'सोकेस' परियोजनाका साथ भारतको सबैभन्दा ठूलो पूर्वाधार यस समूहले आगामी सातदेखि १० वर्षमा एक खर्ब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ ।उक्त लगानीले भारतको ऊर्जा र यातायात परिदृश्यलाई परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । स्रोतका अनुसार कूल लगानीको एउटा ठूलो हिस्सा आफ्नो तीव्ररूपमा बढिरहेको विमानस्थल र बन्दरगाहहरूको व्यवसायको विस्तार र विकासका लागि छुट्ट्याइएको छ ।

आगामी नवी मुम्बई विमानस्थल र १४ वटा घरेलु बन्दरगाहसहित आठवटा विमानस्थलको पोर्टफोलियोसँगै अडानी समूहले यी क्षेत्रमा आफ्नो उपस्थितिलाई थप बलियो बनाउन चाहेको छ ।

डिसेम्बरको त्रैमासिकमा समूहले वार्षिकरूपमा ६३ दशमलव छ प्रतिशतको रेकर्ड त्रैमासिक इबिआईटिडिए (ब्याज, कर, मूल्यह्रास र ऋणमुक्तअधिको आम्दानी) वृद्धि हासिल गरेको छ । यसबाट क्यालेन्डर वर्ष २०२३ को १२ महिनाको इबिआईटिडिए नौ अर्ब ५० करोड अमेरिकी डलरको सर्वकालीन उच्चस्तरमा पुगेको छ ।

# इजरायलद्वारा गाजाको अल-शिफा अस्पतालमा सैन्य अभियान सुरु

**एएनआई**

गाजा सहर । इजराइली सेनाले गाजाको अल-शिफा अस्पतालको सीमित क्षेत्रभित्र लक्षित अभियान सुरु गरेको छ । गुप्तचर जानकारीलाई उद्धृत गर्दै सेनाले इजराइलविरुद्धको हमलाको समन्वयका लागि सुविधा उपयोग गर्ने वरिष्ठ हमास कार्यकर्ताहरू उक्त अस्पतालमा रहेको सङ्केत दिएको छ ।

इजराइल रक्षा बल (आइडिएफ) का प्रवक्ता आरएडिएम हगारीले अभियान ठोस गुप्तचरको जानकारीको प्रतिक्रिया भएको सोमबार बिहान बताउनुभयो । उहाँले अभियानको उद्देश्य सर्वसाधारणलाई नोक्सान पुर्याउनुको सट्टा हमास लडाकूहरूसँग लड्नु रहेकामा जोड दिनुभयो । "हमासका वरिष्ठ लडाकूहरू अल-शिफा अस्पतालभित्र पुनः भेला भएका छन् र अस्पतालको प्रयोग इजराइलविरुद्ध हमला गर्नका लागि भइरहेको छ भन्ने हामीलाई थाहा छ", उहाँले भन्नुभयो ।

उहाँले नागरिकको हताहती कम गर्नका लागि सटीकता र सावधानीका साथ कारवाही गरिने बताउनुभयो । आइडिएफले अस्पताल परिसरमा बिरामीको सहायताका लागि अरबी भाषा बोल्नेहरू र चिकित्साकर्मीहरू परिचालन गरेको छ र नागरिकहरूलाई मानवीय सहायता प्रदान गरिरहेको छ । "बिरामी र चिकित्साकर्मीहरूका लागि अस्पताल खाली गर्नुपर्ने कुनै बाध्यता नभए पनि त्यहाँबाट निस्कन इच्छुक नागरिकहरूका लागि एउटा मार्ग उपलब्ध छ", उहाँले भन्नुभयो । हगारीले हमासका लडाकूहरूलाई आत्मसमर्पण गर्न आग्रह गर्नुभयो र आतङ्कवादी गतिविधिका लागि चिकित्सा सुविधालाई कहिले पनि प्रयोग गर्न नहुने बताउनुभयो ।

यसैबीच अल जजिराका अनुसार गाजामा हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जारी इजराइली कारवाही सम्बन्धमा विज्ञप्तिमा भनेको छ, "हामी अल-शिफा मेडिकल कम्प्लेक्सभित्र मेडिकल स्टाफ, बिरामी र विस्थापित मानिसको जीवनका लागि इजराइली कब्जालाई जिम्मेबार मान्छौं ।""कब्जा गर्ने शक्तिले जे गरिरहेको छ, त्यो अन्तर्राष्ट्रिय मानवीय कानूनको घोर उल्लङ्घन हो, इजराइली कब्जाले अझै पनि विश्वलाई धोका दिन र अल-शिफा मेडिकल कम्प्लेक्समा हमलालाई सही ठहर गर्न आफ्नो बनावटी कथाहरू प्रयोग गरिरहेको छ", विज्ञप्तिमा उल्लेख छ ।

# चीनको सम्पत्ति विकास लगानी पहिलो दुई महिनामा नौ प्रतिशतले गिरावट



**सिन्ह्वा**

बेइजिङ । चीनको सम्पत्ति विकासमा लगानी सन् २०२४ को पहिलो दुई महिनामा वार्षिक आधारमा नौ प्रतिशतले घटेर ११ खर्ब ८४ अर्ब २० करोड युआन (करिब एक खर्ब ६७ अर्ब अमेरिकी डलर) भएको राष्ट्रिय तथ्याङ्क विभाग (एनबिएस) ले सोमबार बताएको छ ।

यसै अवधिमा नयाँ निर्माण घरजग्गा सम्पत्तिको बिक्री पनि वार्षिकरूपमा २० दशमलव पाँच प्रतिशतले घटेर ११ करोड ३६ लाख ९० हजार वर्गमिटरमा आएकाले यस क्षेत्रमा लगानीमा घट्ने प्रवृत्ति कायम रहेको छ ।

मूल्यको हिसाबले वार्षिकरूपमा नवनिर्मित सम्पत्तिको बिक्री २९ दशमलव तीन प्रतिशतले घटेर १० खर्ब ५६ अर्ब ६० करोड युआनमा झरेको तथ्याङ्कले देखाएको छ ।

यस वर्षको पहिलो दुई महिनामा देखिएको गिरावट सन् २०२३ को सोही अवधिमा नौ दशमलव छ प्रतिशतको गिरावटको तुलनामा शून्य दशमलव छ प्रतिशतले कम भएको एनबिएसका प्रवक्ता लिउ आइहुवाले पत्रकार सम्मेलनमा बताउनुभयो ।सम्पत्ति बिक्री र घरको मूल्य दुवैको तथ्याङ्कका आधारमा चीनको सम्पत्ति बजार अझै समायोजन र रूपान्तरणको प्रक्रियामा रहेको उहाँले बताउनुभयो ।

नयाँ सहरीकरणको विकास प्रवृत्ति र रियल इस्टेट बजारमा आपूर्ति र मागमा आएको परिवर्तनलाई अपनाएर चीनले घरजग्गाका लागि नयाँ विकास मोडेललाई बढावा दिने उहाँको भनाइ थियो ।

# एडिबीद्वारा श्रीलङ्कालाई १० करोड डलर ऋण स्वीकृत

**सिन्ह्वा**

मनिला । एसियाली विकास बैंक (एडिबी) ले सोमबार श्रीलङ्काका साना तथा मझौला उद्यमहरू (एसएमई) लाई वित्तमा थप पहुँच प्राप्त गर्न र आर्थिक सङ्कट तथा जलवायु परिवर्तनजस्ता बाह्य झट्काहरूसँग लचिलोपन बनाउन १० करोड अमेरिकी डलर ऋण स्वीकृत गरेको छ ।

एडिबीका अनुसार श्रीलङ्काका साना तथा मझौला उद्योगहरूले ४५ प्रतिशत रोजगारी प्रदान गर्छन् र कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा ५२ प्रतिशत योगदान गर्छन् । "त्यसैले एसमई, विशेषरूपमा महिला नेतृत्वको उद्यमहरूलाई अर्थतन्त्रमा यस क्षेत्रको योगदानलाई कायम राख्न र प्रवर्द्धन गर्नका लागि आवश्यक सहयोग प्रदान गर्नु महत्त्वपूर्ण छ", एडिबीले विज्ञप्तिमा भनेको छ ।

सहभागी वित्तीय संस्थाहरूमार्फत एडिबीले निर्यात, पर्यटन, प्रविधि, कृषि र उत्पादन क्षेत्रमा कम सेवा भएका एसएमईहरूका लागि पाँच करोड डलर लाइन अफ क्रेडिट खोल्नेछ । यसले महिला नेतृत्वका एसएमईका लागि ग्यारेन्टी अनुदान समेट्न पाँच लाख अमेरिकी डलरको विशेष सुविधा स्थापना गर्नेछ ।

# चीनका विदेशमन्त्री वाङद्वारा न्युजिल्यान्डको भ्रमण

**एएफपी**

वेलिङ्टन । चीनका विदेशमन्त्री वाङ यीले सोमबार न्युजिल्यान्डको दुर्लभ भ्रमण गर्नुभएको छ । भ्रमणका क्रममा उहाँले 'अस्तव्यस्त अन्तर्राष्ट्रिय परिस्थिति' को सामना गर्दै 'मित्रहरू' सँग काम गर्ने आवश्यकतामा जोड दिनुभएको छ ।

वाङको यो भ्रमणले न्युजिल्यान्ड र अस्ट्रेलियामार्फत कूटनीतिक सक्रियताको सुरुआतलाई सङ्केत गर्दछ । सन् २०१७ पछि वाङको अस्ट्रेलिया वा न्युजिल्यान्डमध्ये कुनै पनि मुलुकको यो पहिलो भ्रमण हो । बेइजिङले घरेलुस्तरमा सुस्त आर्थिक वृद्धिबाट हुने पीडालाई कम गर्न चाहेको बेला भ्रमणमा व्यापारमाथि व्यापक ध्यान केन्द्रीत हुने अपेक्षा गरिएको छ । न्युजिल्यान्डका आफ्ना समकक्षीसँगको भेटअघि राजधानी वेलिङ्टनमा बोल्दै वाङले आफ्नो भ्रमण ताइवान र दक्षिण चीन सागर जस्ता मुद्दामा बेइजिङको आक्रामक अडान अपनाएकाले तनावमा परेको कूटनीतिक सम्बन्धलाई सदृढ बनाउने अवसर भएको बताउनुभयो ।

"वर्तमान अस्तव्यस्त अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दै साझा चासोका अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरूमा न्युजिल्यान्डका हाम्रा मित्रहरूसँग रणनीतिक सञ्चार सुदृढ बनाउन हामी इच्छुक छौं", न्युजिल्यान्डका विदेशमन्त्री विन्स्टन पिटर्ससँगको बैठकअघि उहाँले भन्नुभयो, "साथै हामी यस क्षेत्र र विश्वमा शान्ति तथा स्थिरता कायम राख्न मिलेर काम गर्नेछौं ।"न्युजिल्यान्ड संयुक्त राज्य अमेरिका, क्यानाडा, संयुक्त अधिराज्य र अस्ट्रेलियासँग फाइब आइज गुप्तचर साझेदारी गठबन्धनको हिस्सा हो । यद्यपि आफ्नो व्यापारिक सम्बन्धलाई आफ्ना सहयोगीहरूको चिन्ताभन्दा माथि राखेर चीनमाथि नरम व्यवहार अपनाएकामा वेलिङ्टनको आलोचना गरिएको छ ।

# दूधको उचित मूल्य नपाउँदा किसान मारमा

**टुडे समाचारदाता**



घोराही । दाङको राजपुर गाउँपालिका-३ बसन्तपुरका महेश यादवले दैनिक लमही बजारमा दूध बिक्री गर्नहुन्छ । उनले २९ भैंसी पालेका छन् । बिहानै यादव दूध बिक्री गर्न लमही बजारका गल्ली तथा डेरीसम्म पुग्छन् ।

यादवले दैनिक ८० लिटर दूध बिक्री गर्ने गरेको बताए । उनले प्रति लिटर दूध रु ७० देखी रु ७५ सम्ममा बिक्री गर्छन् । यादवले मोटरसाइकलमा दूध बिक्री गर्न जाँदा बढी खर्च हुने गरेको बताए ।

“खर्च धैरे छ, आम्दानी न्यून हुन्छ”, यादवले भने । बिहान उठेदेखि बेलुकासम्म उहाँलाई भैंसीको स्याहार सुसार गर्न भ्याइनभ्याई हुने गरेको छ । भैंसीको स्याहार सुसार गर्नु तथा दूध बिक्री गर्न लमहीसम्म पुग्नु यादवको दैनिकी नै हो । मेहनत अनुसारको दूधको मूल्य नपाएको उनको भनाइ छ । “दूधको मूल्य बढाए बिक्री नहुने समस्या छ”, उनले भने, “निश्चित ग्राहक छन्, मूल्य बढाउने बित्तिकै ग्राहकको संख्या घट्छ ।” दूध खेर फाल्नुभन्दा सस्तोमा बिक्री गर्नु उचित भएको यादव बताउछन् ।

यसैगरी राजपुर-३ बसन्तपुरकै लवकुस यादवले पनि दूध प्रति लिटर रु ४५ देखि रु ६० सम्ममा बिक्री गर्दैआएका छन् । खरिदकर्ताले आफूखुसी मूल्य निर्धारण गर्ने गरेको उनको भनाइ छ । यादवले गाउँकै होटल तथा सङ्कलन केन्द्रमा दूध बिक्री गर्छन् । “दूध उत्पादन बढी भएकाले सस्तोमा बेच्नु परेको छ”, यादवले भने । राज्यले कृषकले उत्पादन गरेको दूध उचित मूल्यमा खरिद गर्ने वातावरण बनाइदिनुपर्ने उनको भनाइ छ ।

घोराही उपमहानगरपालिका-२ रामपुरमा ‘ग्रिन लक्ष्मी गाई तथा भैंसी फार्म’ सञ्चालन गर्दै आएका गोपाल खनाल दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गर्छन् । उनले रु ९० मा दूध स्थानीय डेरीलाई बिक्री गर्दैआएका छन् । बाँकी दूध उपभोक्ताको घर घरमा गएर पनि बिक्री गर्ने गरेको उनको भनाइ छ । “प्रति लिटर रु ७० भन्दा बढीमा दूध बिक्री गर्नै सकिएको छैन”, खनालले भने । उहाँसँग रु ७० मा दूध खरिद गर्ने डेरीले भने उपभोक्तालाई रु एक सयमा बिक्री गर्ने गरेका छन् ।

सरकारले दूधको उचित मूल्य निर्धारण गर्नुपर्ने कृषकको माग छ । स्थानीय तहले कृषकको समस्या बुझ्न नसकेको उनीहरु बताउँछन् । “स्थानीय सरकार कृषकको समस्याबारे बेखबर छ”, खनालले भने । उहाँको फार्ममा हाल २८ गाई भैंसी छन् ।

# डेढ करोडको विषादीरहित तरकारी उत्पादन

**टुडे समाचारदाता**

बनियानी । कनकाई नगरपालिकाका किसानले करिब रु एक करोड ५० लाख बराबरको विषादीरहित तरकारी उत्पादन गरेका छन् । नगरले विषादीरहित तरकारी उत्पादनका लागि सहयोग-सहजीकरण गर्न थालेसँगै सो रकम बराबरको तरकारी उत्पादन भएको कनकाइ नगरपालिका कृषि शाखा प्रमुख यदुकुमार उप्रेतीले जानकारी दिए ।

“विभिन्न किसान समूह बनाएर ‘ आइपीएम’ तालिम दिएका छौं”, उनले भने, “तालिम लिएसँगै किसानले तरकारीखेती गरिरहेका छन् ।” विषादीको प्रयोगले उपभोक्तामा गम्भीर असर पर्ने थाहा पाएसँगै यहाँ किसान विषादीरहित तरकारी उत्पादन लागेको उनको भनाइ छ । नगरपालिकाले दिएको तालिमले किसानले गुणस्तरीय र विषादिरहित तरकारी उत्पादन गर्न सक्षम हुनुका साथै कार्यालय स्थापना गरेर कृषिकर्ममा लाग्न सक्षम भएको उनले बताए ।

कृर्षिकमा विषादी प्रयोग नगरी पनि राम्रो उत्पादन हुन्छ भन्ने विशवास बढेको उनले बताए । विषादीरहित तरकारी उत्पादन भएसँगै बजारको अभाव नभएको उनको भनाइ छ । “जहाँ-जहाँ विषादीरहित तरकारी उत्पादन हुन्छ, त्यो ठाउँमा व्यापारी गाडी लिएर पुग्ने गरेका छन्”, कृषि शाखा प्रमुख उप्रेती भन्नुहुन्छ, “जसले किसानलाई तरकारी उत्पादनमा थप ऊर्जा मिलेको छ ।”



सरकारले तरकारीमा विषादीको मात्रा ३५ प्रतिशतसम्म रहे खानयोग्य भने पनि अनुगमनका क्रममा चारदेखि दुई प्रतिशत मात्र विषादीको मात्रा पाइएको नगर कृषि शाखाले जनाएको छ । नगरले कृषि समूह बनाएर तालिम दिने गरेको छ । हालसम्म सात वटा कृषि समूहले २१ बिघामा तरकारीखेती गरिरहेका छन् भने चार वटा कृषि समूह गठनको तयारी भइरहेको छ । नगरले नमुना खेतीका लागि आवश्यक बीउ, मल, प्राविधिक सहयोग गरिरहेको छ ।

यस वर्ष नगरले दिएको पाँच मन बीउ आलुको बीउबाट किसान समूहले एक सय २५ मन आलु फलाएका छन् भने गोलभेडा, बन्दा, लहरेबाली, काँक्रा, लौका, गाँजर, आलुलगायतका तरकारीखेती पनि गरिरहेका छन् । विषादीयुक्त खाद्यवस्तुले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पर्दै गएकाले नगरलाई विषादीमुक्त बनाउन नगरपालिकाले योजना नै बनाएर अघि बढेको नगर प्रमुख राजेन्द्र पोखरेल बताउछन् ।

“मानव जीवनका लागि अत्यावश्यक वस्तु नै विष सरह बन्दै गएको छ”, उनले भने, “समृद्धिको महत्वपूर्ण सूचक स्वास्थ्य हो, स्वस्थ्य हुन स्वस्थ खाना चाहिन्छ, त्यसका लागि कृषि क्षेत्रलाई विषादीमुक्त बनाउन जरुरी छ, हाम्रो अभियान पनि त्यही हो ।”

नगरमा सिँचाइ सुविधा वृद्धि गर्न प्रत्येक वर्ष सिँचाइ मोटर वितरण गर्दै आएको छ । गतवर्ष रु ५० लाखको सिँचाइ मोटर वितरण गरेको नगरपालिकाले चालु आर्थिक वर्षमा करिब रु ७० लाखको सिँचाइ मोटर खरिदका लागि प्रक्रिया अघि बढाएको छ । कनकाईमा करिब दुई हजार पाँच सय बिघा खेतीयोग्य जमिन रहेको कृषि शाखाले जनाएको छ ।

# आयसोमबार्रनसँग जोड्न विपन्न परिवारलाई बाख्राका पाठी

**टुडे समाचारदाता**



ढोरपाटन । बागलुङका ग्रामीण क्षेत्रमा अहिले पनि धेरै नागरिक गरिबीको रेखामुनि छन् । ज्याला, मजदुरी र निमेक गरेर दैनिकी चलाउनुपर्ने उनीहरुको बाध्यता छ । आयसोमबार्रनको माध्यम केही छैन भने रोजगारको अवसर पनि छैन । बिहान बेलुका के खाउँ, के लाउँ भन्ने अवस्थाका परिवारलाई काठेखोला गाउँपालिकाले आयसोमबार्रनसँग जोड्न थालेको छ । खास गरी पालिकाभररहेकादलितसमुदायबाट अभियान थालिएको छ ।

दलित समुदायलाई आम्दानीसँग जोडेर आत्मनिर्भर बनाउनका लागि बाख्राका पाठी वितरण गरिएको छ ।

गाउँघरमा बाख्रा पाल्नका लागि पर्याप्त घाँस तथा दाना पाइने र छोटो समयमा आम्दानी गर्न सकिने हुँदा गरिब तथा विपन्न दलित परिवारलाई बाख्राका पाठी वितरण गरिएको गाउँपालिकाका प्रवक्ता टीकासङ्गम विकले बताए ।

एउटा बाख्राको पाठी किन्नसमेत नसक्ने परिवारलाई गाउँपालिकाले पाठी उपलब्ध गराएको उहाँको भनाइ छ । पालिकाका आठवटै वडाका विपन्न परिवार छनोट गरी बाख्राको पाठी दिएको विकले बताए ।

बाख्राका पाठीबाहेक अन्य आम्दानी गर्न सकिने सामग्री सहयोग गरेको उहाँ बताउनुहुन्छ । यहाँका ८२ दलित समुदायका नागरिकलाई बाख्राका पाठीसँगै कुखुरा, प्लास्टिक टनेल, सिलाइ मेसिन, वेल्डिङ मेसिन, चेन्सो मेसिन, राउटरलगायत सामग्री वितरण गरिएको हो ।

चालु आर्थिक वर्षको दलित लक्षित आयसोमबार्रन तथा स्वरोजगार कार्यक्रमअन्तर्गत ३० जनालाई बाख्राका पाठी, १० जनालाई जस्तापाता, १५ जनालाई कुखुराका चल्ला, १० जनालाई टनेल, दुईजनालाई राउटर, परम्परागत पेसा सुधारअन्तर्गत छ जनालाई सिलाइ मेसिन, चार जनालाई वेल्डिङ मेसिन, दुई जनालाई इन्टरलक मेसिन, तीन जनालाई फलाम काट्ने, प¤ा, सान लगाउने मेसिन र एक जनालाई ड्रिल मेसिन वितरण गरिएको विकले जानकारी दिए । प्रवक्ता विकले भने, “विपन्न परिवारलाई आत्मनिर्भर बनाउने उद्देश्यले पहिलो चरणमा सानो भए पनि सहयोग गरेका छौं, उहाँहरुलाई चाहिने न्यूनतम सहयोग निरन्तर हुनेछ, बाख्राको पाठो नै सहयोग गर्नुपर्ने कारण यसले अबको केही महिनामा उत्पादन दिन्छ, त्यसलाई बढाउँदै गएमा आगामी एक वर्षदेखि थोरै भए पनि आम्दानी दिन थाल्नेछ, केही वर्षमै उहाँहरुको जीवनस्तर उकासिने अपेक्षा गरेका छौं, अन्य सहयोग पनि दिँदै जाने योजना छ ।”

गाउँपालिका-३ धम्जा गाउँमा उत्पादन गरिएका स्थानीय जातका बाख्राका पाठी वितरण गरेको हो । प्रतिव्यक्ति रु १० हजार बराबरका बाख्राका पाठी दिइएको छ । बाख्राका पाठी पाएपछि वडा नं ८ की बेलमती विक खुसी भएका छन् ।

अहिलेसम्म आफूले अरुको ज्याला मजदुरी गरेर दैनिकी चलाउँदै आएको भन्दै उनले अब यहीबाट धेरै बाख्रा उत्पादन गर्नेतर्फ लाग्ने बताए ।

आफूले एउटा बाख्राको पाठी किनेर पाल्न नसकेको सुनाउँदै उनले अब पालिकाले दिएको बाख्रालाई व्यावसायिकरुपमा पाल्दै जाने र संख्या बढाउँदै जाने बताए ।

“गाउँपालिकाले मेरा लागि निकै ठूलो सहयोग गऱ्यो, गाउँमा बाख्रा पाल्नलाई समस्या छैन, घाँसपात पर्याप्त छ, अहिलेसम्म एउटा बाख्रा पाल्न सकेको थिएन, अब यही बाख्रालाई पाल्दै जाने, सात/आठ महिनामा बच्चा पाउला, संख्या बढाउँदै जाने योजना बनाएँ”, विकले भने, “बाख्राको संख्या बढ्दै गयो भने कमाइ राम्रो होला भन्ने लागेको छ ।”

# पुष्प मेलामा एक करोड पाँच लाखको कारोबार

**टुडे समाचारदाता**



काठमाण्डु । यही चैत १ देखि ४ गतेसम्म सञ्चालित २५औं पुष्प मेलामा रु एक करोड पाँच लाख ५० हजारको कारोबार भएको छ । मेलामा रु एक करोडको कारोबार हुने लक्ष्य आयोजकले लिएकामा लक्ष्यभन्दा बढी रु पाँच लाख ५० हजारको कारोबार भएको आयोजकले जानकारी दिएको छ ।

फ्लोरिकल्चर एशोसिएसन नेपालको आयोजना तथा पुष्प विकास केन्द्रको सहआयोजनामा भएको मेलामा ४९ हजार एक सय जनाले अवलोकन गरेको एशोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए ।

अध्यक्ष तामाङका अनुसार मेलामा व्यावसायिक कक्ष ६०, ल्यान्डस्केपिङ कक्ष तीन, अफिसियल कक्ष आठ, प्रतियोगितात्मक प्रदर्शनी एक कक्ष र एक खाद्य प्रदर्शनी कक्षसहित जम्मा ७३ कक्ष राखिएको थियो । मेला अवलोकनका लागि सर्वसाधारणका लागि रु एक सय ५० र विद्यार्थीका लागि रु एक सय प्रवेश शुल्क तोकिएको थियो । “स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय’ भन्ने मुख्य नाराका साथ मेला सञ्चालन गरिएको हो ।

गत शनिबार मेलाको स्थलगत अवलोकन गर्दै कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी शाहले पुष्प व्यवसायीको नीतिगत समस्या समाधानका लागि कुनै पनि कसर बाँकी नराख्ने बताउनुभएको थियो । नेपालमा मुख्य गरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरी फूलमध्ये केही सयपत्री फूलको मालामात्रै भारतबाट ल्याउने गरिएको छ ।

फूलको मागमा आएको वृद्धिसँगै विशेष गरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४३ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । नेपालमा हाल व्यावसायिकरूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएका छन् ।

विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको छ । अन्य समयभन्दा कार्तिकदेखि फागुनसम्म विभिन्न चाडपर्व र विवाहको मौसम पर्ने हुँदा फूल बढी प्रयोग हुने गर्दछ । नेपालमा लगभग एक सय ५७ हेक्टर क्षेत्रफलमा सात सय व्यवसायीले फूलको खेती गर्दछन् । वार्षिक करिब रु तीन अर्ब सात करोडको फूलको कारोबार हुने गरेको बताइएको छ ।

# सुन चाँदीको मूल्य घट्यो



**टुडे समाचारदाता**

काठमाण्डु । स्थानीय बजारमा पहेलो धातुको मूल्यमा सामान्य हेरफेर भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुनको मूल्य प्रतितोला रु पाँच सयले घटेको छ ।

आइतबार प्रतितोला रु एक लाख २५ हजार मूल्यमा कारोबार भएको छापावाला सुनको मूल्य सोमबार प्रतितोला रु एक लाख २४ हजार पाँच सय कायम भएको छ ।

यस्तै, तेजाबी सुनको मूल्य आइतबार रु एक लाख २४ हजार चार सय कायम भएकोमा सोमबार भने तोलामा रु पाँच सयले घटेर रु एक लाख २३ हजार नौ सय कायम भएको छ । यस्तै, चाँदीको मूल्य पनि सामान्य घटेको छ । आइतबार प्रतितोला रु एक हजार तीन सय १२ मा कारोबार भएको चाँदी सोमबार भने प्रतितोला रु एक हजार तीन सय तीन निर्धारण भएको छ ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको वृद्धि देखिएको छ । सोमबार नेप्से परिसूचक तीन दशमलव २७ अङ्कले बढेर दुई हजार ७३ दशमलव ५३ को बिन्दुमा कायम भएको छ ।

सोमबार तीन सय तीन कम्पनीको ७४ लाख ५९ हजार चार सय २४ कित्ता शेयर ५३ हजार दुई सय ५६ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब ८८ करोड ५६ लाख ३७ हजार आठ सय १८ बराबरको कारोबार भएको छ ।

बैंकिङ समूह शून्य दशमलव ०३, लगानी समूह शून्य दशमलव ४६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८२ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धैरै विकास बैंक समूह एक दशमलव ३० र वित्त समूह एक दशमलव ०८ प्रतिशतले बढेको छ ।गुर्खाज फाईनान्स लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, पिपुल्स पावर लिमिटेड र धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

# कैलाली भन्सारबाट २६ करोडको गहुँ आयात

**टुडे समाचारदाता**

अत्तरिया । कैलाली भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनामा रु २६ करोड ३७ लाखको गहुँ आयात गरिएको छ । सोही अवधिमा रु १२ करोड २१ लाखको मकै, रु पाँच करोड ९४ लाखको चामल र रु एक करोड ९२ लाखको तोरीको दाना आयात भएको छ ।

कैलाली भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काका अनुसार चालु आवको आठ महिनामा रु आठ करोड ७१ लाखको तरकारी, रु १६ लाख ५० हजारको मटर, रु १४ लाख ८६ हजारको फर्सी, लौकालगायतको तरकारी, रु सात लाख ३३ हजारको प्याज, रु पाँच लाख २९ हजारको काँक्रा, रु सात लाख ४१ हजारको कागती र रु ६ लाख ७९ हजारको अन्य तरकारी आयात गरिएको छ ।

यस्तै चालु आवको सोही अवधिमा रु आठ करोड ४९ लाखको अङ्गुर, रु चार करोड ४९ लाखको अनार, रु दुई करोड ३० लाखको अम्बा, आँपलगायतका फलफूल, रु दुई करोड ११ लाखको सुन्तला, रु ८७ लाख २९ हजारको स्याउ तथा रु ८४ लाख ७१ हजारको केरा आयात गरिएको सूचना अधिकारी खड्काले जानकारी दिए ।

राजस्व सङ्कलनमा कमी

कैलाली भन्सार कार्यालयले चालु आवको आठ महिनामा लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न सकेको छैन् । चालु आवको फागुन मसान्तसम्म रु सात अर्ब ५६ करोड १६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु पाँच अर्ब १३ करोड दुई लाखमात्रै सङ्कलन भएको सूचना अधिकारी खड्काले जानकारी दिए ।

चालु आवको साउनमा रु ७२ करोड ३५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु ४६ करोड ८२ लाख, भदौमा रु ८८ करोड ४० लाख लक्ष्य रहेकामा रु ५१ करोड ९३ लाख, असोजमा रु ९७ करोड ८१ लाख लक्ष्य रहेकामा रु ६३ करोड १४ लाख तथा कात्तिकमा रु ९७ करोड ५२ लाख लक्ष्य रहेकामा रु ६१ करोड ४६ लाखमात्रै राजस्व सङ्कलन भएको उनले बताए ।

यस्तै मङ्सिरमा रु एक अर्ब दुई करोड २५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु ७३ करोड ३४ लाख, पुसमा रु एक अर्ब चार करोड १३ लाख लक्ष्य रहेकामा रु ६८ करोड ९० लाख, माघमा रु ९२ करोड ६९ लाख लक्ष्य रहेकामा रु ६६ करोड ६७ लाख तथा फागुनमा रु एक अर्ब ९८ लाख लक्ष्य रहेकामा रु ६९ करोड एक लाख मात्र राजस्व असुली भएको सूचना अधिकारी खड्काले जानकारी दिए । चालु आवमा कैलाली भन्सार कार्यालयको रु ११ अर्ब ५८ करोड २४ लाख राजस्व सङ्कलनको लक्ष्य छ । चालु आवको आठ महिनामा रु पाँच अर्ब १३ करोड दुई लाखमात्र राजस्व असुली भएको छ । जुन वार्षिक लक्ष्यको ४३ दशमलव २८ प्रतिशत हो । आर्थिक वर्ष २०७९/८० मा रु १२ अर्ब ३० करोड ६६ लाख लक्ष्य रहेकामा रु आठ अर्ब २९ करोड ६३ लाख मात्र राजस्व असुली भएको कार्यालयले जनाएको छ । यो लक्ष्यको ६७ दशमलव ४१ प्रतिशत मात्र हो ।

“आयात घटेसँगै राजस्व सङ्कलन प्रभावित भएको हो”, उनले भने-“पूँजीगत खर्च बढ्न सकेको छैन । विकास निर्माणका कार्य पनि त्यति भएका छैनन् । यसबाट राजस्व असुलीमा कमी आएको हो ।”

# इजरायली राजदूत गोदर आनन्दको घरमा



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि इजराइली राजदूत हनान गोदर छ महिनापछि आनन्द साहको घरमा शोक व्यक्त गरेको छ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकास्थित आनन्दको घरमा इजरायली राजदुत गोदरलाई देखे पछि आमाबुवालगायत परिवारजन भक्कानिएर रोएको देखेपछि आनन्दका बुवालाई राजदुतले अंगाल्दै 'तपाई हाम्रो परिवार हो भन्दै सम्हाल्न आग्रह गरे।

राजदूत गोदरले आनन्दलाई इजराइलले आफ्नै परिवारजन सरह प्रति महिना सहयोग गर्ने घोषणा गरे। उनले इजराइलमा उद्दारकर्मीहरुले फेला पारेको आनन्दले लगाउने घडी, मालासहितका अन्तिम चिनारीका रुपमा रहेका विभिन्न सामग्रीहरुसमेत परिवारजनलाई जिम्मा लगाएको छ।

राजदूत गोदरले विद्यार्थीहरुमाथि भएको आक्रमण निन्दनीय रहेको र सो घटनाबाट विश्वरुपमै दुःखद तथा आपराधिक घटना रहेको बताए।

आनन्दको परिवारसंग आग्रह गर्दै नेपाली सरकारले सो घटनाको विषयमा गरेको हमासको निन्दालाई लिएर धन्यवाद समेत दिए।

असोजदेखि सुरु भएको इजराइलमा हमास युद्धको आक्रमणमा परि दशजना नेपाली विद्यार्थी मारिएका थिए। जसमध्ये एक विद्यार्थी धनुषाका पनि थिए।

४९ जनाको समूहमा रहेको नेपाली विद्यार्थीहरु इजरायलस्थित विश्वविद्यालयमा कृषिमा स्नातकोतर अध्ययनरत थिए।

# जनभावना बुझ्रेर आन्दोलनको तयारीमा जुट्न राप्रपाको आह्वान



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिंग्देनले वर्तमान गठबन्धन सरकारका कारण जनतामा व्यापक असन्तुष्टि बढ्दै गएको भन्दै सरकार विरुद्ध आन्दोलनको तयारीमा जुट्न आह्वान गरेका छन्।

जनकपुरधाममा सोमबार धनुषाका अगुवा कार्यकर्ता भेलामा बोल्दै पूर्व उपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष लिंग्देनले राप्रपाले मधेशलाई हेर्ने दृष्टिकोणबारे जनता बीचमा गएर स्पष्टरुपमा आफ्नो भनाइ तथा विचारहरु छलफल तथा विचार विमर्शको माध्यमले प्रचारप्रसार गर्नसमेत निर्देशन दिए।

उनले अगुवा कार्यकर्तालाई गम्भीरतापूर्वक जनतासंग छलफल बहस गरेर जनभावना बुझ्दै आन्दोलनमा जोड्नुपर्ने बताए।

राप्रपाभित्र देखिएको गुटबन्दीप्रति इंगित गर्दै अध्यक्ष लिंग्देनले राप्रपाका अगुवा नेतादेखि कार्यकर्तासम्म एकतावद्ध भई एक अर्कालाई मान, सम्मान र माया गर्ने वातावरणको सृजना गर्नुपर्ने बताए।

अहिलेको अवस्थामा राप्रपाको आवाज र विचार सुन्नका लागि आमजनता तयार रहेको अवस्थामा आफै भित्रमा एकअर्कामा सद्भाव कायम राखेर पार्टीको विधि प्रक्रियालाई बलियो बनाउनुपर्ने अध्यक्ष लिंग्देनले बताए।

आफ्नो हीनताबोध त्यागेर एक चोटी जनताको बीचमा जानका लागि उनले अगुवा कार्यकतालाई आग्रह गरे।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तनको नाममा स्थापना गरिएको गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीताको नामले दलहरुका केही नेता र आफन्तजनले उपलब्धि हासिल गरे पनि आमजनताका लागि कुनै पनि किसिमले परिवर्तन हुन नसकेपछि जनताले राप्रपालाई विकल्पको रुपमा देखे उनले बताए।

उनले मुलुकमा व्यवस्था परिवर्तन पछि २० वर्षमा मधेशबाट ५० जनाभन्दा बढी मन्त्री भए पनि मधेशको विकासमा सिन्कासमेत भाँच्न नसक्नु दुःखद रहेको टिप्पणी गरे।

अध्यक्ष लिंग्देनले भने, 'प्रधानमन्त्री बाहेक सबै पदमा मधेशी समुदाय पुगिसक्दा पनि मधेशको अवस्था झनै खस्किदो छ। विगतका कलकारखनाहरुसमेत ठप्प छ, लथालिंग अवस्थामा छ, नयाँ कलकारखाना उद्योगलगायतका स्थापना गरी युवालाई रोजगारको वातावरण सृजना समेत गर्न नसक्ने सरकारले कस्तो खालको व्यवस्था खोजेको छ भन्ने अब जनताले प्रश्न गर्न थालिसकेको छ।'

उनले यही चैत २७ गते काठमाण्डुमा हुन लागेको आमसभाको तयारीमा सक्रियातापूर्वक आमजनतालाई सहभागी हुन आग्रह गरे।

अध्यक्ष लिंग्देनको नेतृत्वमा भइरहेको तराइ मधेशस्तरीय विभिन्न कार्यक्रममा वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामांग, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री डा.धवलशमसेर राणा, प्रवक्ता ज्ञानेन्द्र शाही, मधेश प्रदेशका अध्यक्ष भरत गिरी, प्रतिनिधिसभा सदस्य बिना जयसवाल, नेतृ खुस्बु ओली र पार्टी सम्बद्ध युवा, विद्यार्थी, महिला संगठनका अध्यक्षहरूसमेत मधेश दौडाहामा छन्।

सरकार समक्ष राष्ट्रियता, विकास, सुशासन, सेवा प्रवाह र जनजीविकासँग सम्बन्धित विभिन्न ४० बुँदे माग पत्र पेस गरेर आन्दोलनमा होमिएको राप्रपाले यही चैत २७ गते काठमाण्डु केन्द्रित जनप्रदर्शनका लागि मधेश दौडाहामा छन्।

आफ्ना मागहरूबारे जनतालाई जागरूक तुल्याउन र जनमत सिर्जना गर्न राप्रपाका नेताहरू मधेश यात्रामा छन्। चैत ५ गतेदेखि ८ गतेसम्म तराई मधेशका ८ वटै जिल्लामा राप्रपाको आमसभा र कार्यकर्ता भेलाको आयोजना गर्ने छ।

यता, राप्रपाले सर्लाहीको बरहथवामा भएको आमसभामा आयोजना गरेको थियो।

# अख्तियारमा सवै भन्दा बढी उजुरी सप्तरीबाट



**टुडे समाचारदाता**

राजविराज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय इटहरीमा भ्रष्टाचारका सर्वाधिक उजुरी सप्तरीबाट परेको छ।

आयोगका क्षेत्रीय कार्यालयले कोशी प्रदेशको ११ र मधेश प्रदेशको सप्तरी गरी १२ वटा जिल्ला हेर्दै आएको छ। जसमध्ये भ्रष्टाचारको सर्वाधिक उजुरी पर्ने जिल्लामा सप्तरी पहिलो र पाँचथर अन्तिममा रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयद्वारा सोमवार राजविराज स्थित जिल्ला समन्वय समितिको सभाकक्षमा आयोजना गरिएको "भ्रष्टाचार विरुद्धको सहकार्यःसुशासनका लागि अपरिहार्य" विषयक कार्यक्रममा आयोगका क्षेत्रीय प्रमुख सुरेश न्यौपानेले यस्तो तथ्याँक सार्वजनिक गरेका छन्।

प्रस्तुत तथ्यांक अनुसार गत वर्षको सरेर आएको १ सय ७८ तथा चालु आ.ब.०८०/०८१ को फागुन मसान्त सम्मको ४ सय ६५ गरी सप्तरीबाट कुल ६ सय ४६ उजुरी छानबिन र कारवाहीको प्रकृयामा रहेको छ। यस्तै सबभन्दा कम पाँचथरबाट १८ वटामात्र उजुरी परी छानबिनको प्रकृयामा रहेको जनाइएको छ।

सप्तरीमा पालिकागत हिसाबले सबभन्दा बढी बोदेबर्साइन नगरपालिकाबाट ६७ वटा भ्रष्टाचारको उजुरी परेको छ। यस्तै राजविराज नगरपालिका बाट ६४, डाक्नेश्वरी नगरपालिकाबाट ५२, महादेवा गाउँपालिकाबाट ३९, कञ्चनरुप नगरपालिकाबाट ३१, सप्तकोशी नगरपालिकाबाट ३०, सुरुंगा नगरपालिकाबाट २९, हनुमाननगर कंकालिनी नगरपालिकाबाट २७, विष्णुपुर गाउँपालिकाबाट २१, बलान विहुल गाउँपालिकाबाट २०, शम्भुनाथ नगरपालिकाबाट १९, तिरहुत गाउँपालिकाबाट १८, खडक नगरपालिका, छिन्नमस्ता गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाबाट १७/१७ वटा भ्रष्टाचार विरुद्धको उजुरी परेको छ। यसैगरी अग्नीसाईर कृष्णसवरण गाउँपालिकाबाट ९ र राजगढ गाउँपालिकाबाट ७ वटा उजुरी परेको आयोगको तथ्यांकले देखएको छ।

सप्तरीमा गत वर्षको सरेर आएको सहित कुल ६ सय ४६ मध्ये २ सय ४६ उजुरी फछ्र्यौट भइसकेको र बाँकी छानबिनको प्रकृयामा रहेको आयोगका क्षेत्रीय प्रमुख न्यौपानेले जानाए। आयोगका आयुक्त हरी पौडेलको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा १८ वटै पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका प्रमुखहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा भ्रष्टाचार विरुद्ध तयार पारिएको श्रव्य दृष्य सामग्री समेत प्रदर्शन गर्दै सरोकारवालालाई सचेत गराउने प्रयास गरिएको थियो।

# मातृकालाई नयाँ जिम्मेवारी




**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृका यादवलाई पार्टीले सम्पर्क समन्वय प्रदेश इन्चार्जको जिम्मेवारी दिएको छ।

पार्टी महासचिव देवप्रसाद गुरुङले मातहतका कमिटीमा एक सर्कुलर जारी गर्दै यादवलाई सम्पर्क समन्वय प्रदेश इन्चार्जको जिम्मेवारी तोकिएको जानकारी गराएका छन्। यसअघि उनलाई भारत प्रवासको जिम्मेवारी दिन पार्टीले प्रस्ताव गरे पनि अस्वीकार गरेका थिए।

यस्तै माओवादीले दुई नेताको सरुवा पनि गरेको छ। केन्द्रीय सदस्य महेश्वर दाहाल ४ महिने जनतासँग माओवादी पार्टी विशेष रूपान्तरण अभियानमा बागमती प्रदेशमा खटिएकोले उनलाई सोही प्रदेशमा सरुवा गरिएको गुरुङको परिपत्रमा उल्लेख छ। यसअघि उनी प्रचार विभागमा थिए।

# प्रमुख प्रशासकीय अधिकृतसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर




**टुडे समाचारदाता**

काठमाण्डु । इसानाथ नगरपालिका नगर कार्यपालिका, रौतहटका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत किशोर गुप्तासहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही नगरपालिका-५ स्थित आधारभूत विद्यालय लक्ष्मिनिया, जटहरामा दुई कोठे पक्की भवन निर्माण गर्दा प्रमुख प्रशासकीय अधिकृत गुप्ता, तत्कालीन इन्जिनियर सत्यपाल सौरभ र विद्यालयका तत्कालीन प्रधानाध्यापक महमद समिम अख्तरले मापदण्ड, गुणस्तर र इष्टिमेट विपरीतको कार्य गरी भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको छ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार तत्कालीन इन्जिनियर सौरभले तयार गरेको कार्य सम्पादन प्रतिवेदनमा ब्रिक मेसनरी कार्य फिल्डमा ४७.८४ क्यूबिक मिटर भएकोमा ५३.३७ क्यूबिक मिटर उल्लेख गरी सम्झौताको दररेटभन्दा बढी कायम गरी जम्मा ८६ हजार ६४७ रुपैयाँ कायम गरी भ्रष्टाचार गरेको अख्तियारको ठहर छ।

यसैगरी, अन्तिम भुक्तानीका लागि प्राविधिकबाट तयार गरिएको नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा १४ लाख ३५ हजार नौ सय रुपैयाँ कार्य बराबरको रकम खर्च भएको देखिए पनि प्रमुख प्रशासकीय अधिकृत गुप्ताले दुई लाख ३५ हजार ८९५ रुपैयाँ बढी भुक्तानी गरेको आयोगको अनुसन्धानबाट खुलेको अख्तियारको ठहर छ।

आयोगका प्रवक्ता घिमिरेका अनुसार विद्यालयका तत्कालीन प्रधानाध्यापक अख्तरले १३ लाख ५३ हजार ५० रुपैयाँ खर्च देखाउनुपर्नेमा तीन लाख तीन हजार सात सय ९७ रुपैयाँ बढी खर्च लेखेका थिए।

आयोगले इन्जिनियर सौभरविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र ८६ हजार ६४७ रुपैयाँ बिगो जरिवानाको माग दावी लिएको छ। त्यस्तै अर्का प्रतिवादी गुप्ताविरुद्ध सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम दुई लाख ३५ हजार ८९५ रुपैयाँ बिगो जरिवानाको माग दावी गरेको छ। साथै अख्तरको हकमा पनि सोही ऐनको एउटै दफा र उपदफा अनुसार कैद सजाय र तीन लाख तीन हजार ७९७ रुपैयाँ बराबरको बिगो जरिवानाको मागवादी अख्तियारले गरेको छ।

# प्रदेश प्रमुख भण्डारीद्वारा पदभार ग्रहण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सोमबार पदभार ग्रहण गरेकी छन्।

पदभार ग्रहण पश्चात्




सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै प्रदेश प्रमुख भण्डारीले नेपालको संविधान र कानुनको अधीनमा रही विधि प्रक्रिया अपनाएर आफूले कामकाज गर्ने बताइन्। त्यसमा सबैको सक्रिय सकारात्मक सहयोगको अपेक्षा रहने बताइन्।

उनले मधेश प्रदेशको समृद्धि र विकासका लागि सदैव आफ्नो साथ रहने भन्दै मधेश प्रदेशको उन्नतिका लागि शुभकामना व्यक्त गरिन्। पदभार ग्रहणपश्चात् प्रदेश प्रमुखलाई मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल, नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोज यादव, एमालेका प्रदेश अध्यक्ष चन्देश्वर मण्डल, एमाले नेता सुमन प्याकुरेल, पूर्वमन्त्री शत्रुधन सिंहसहितका नेताहरुले भेटेर बधाई दिए।

सोमबार बिहान साढे १० बजेको बुद्ध एयरको विमानबाट जनकपुरधाम आएकी प्रदेश प्रमुख भण्डारीलाई जनकपुरधाम विमानस्थलमा मधेश प्रदेश सरकारको तर्फबाट खेलकुद तथा समाज कल्याणमन्त्री सुरीता साहसहित प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव शत्रुधन यादव, विभिन्न मन्त्रालयका सचिव, एमालेका नेता कार्यकर्ताले स्वागत गरेका थिए।

सोमबार नै प्रदेश प्रमुख भण्डारीले जनकपुरधामको जानकी मन्दिर पुगेर जानकी माताको दर्शनपश्चात् पदभार ग्रहण गरेकी थिइन्। प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव यादवसहितका उच्चपदस्थ कर्मचारीले स्वागत गरेपछि नेपाली सेनाको एक टोलीले प्रदेश प्रमुखलाई सलामी समेत दिएका थिए।

# उमेर पुगी बिहे गर्नेलाई रु ५० हजार

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको बर्दिबास नगरक्षेत्रमा उमेर पुगेर बिहे गर्ने मुसहर जाति समुदायका दम्पतीले ५० हजार नगद प्रोत्साहन रकम पाउने भएका छन्। सोमबार बर्दिबास-१४ स्थित नमुना मुसहर बस्तीमा एक सय आठ जनाको लघुजीवन बीमा गराएपछि बर्दिबास नगरपालिका प्रमुख प्रह्लादकुमार क्षेत्रीले सो प्रोत्साहन रकम घोषणा गरेका छन्।

"छोराछोरीको उमेर २० वर्ष पुगेपछि मात्र उनीहरुको विवाह गर्नुहोस्, नगरपालिका कार्यालयले ५० हजार नगद प्रोत्साहन रकम दिनेछ", नगरप्रमुख क्षत्रीले भने, "यसले तपाईंहरुको स्वास्थ्य र परिवार राम्रो बन्ने छ।" यो कार्यक्रम नगरक्षेत्रका सबै मुसहर समुदायमा लागू हुने क्षेत्रीले स्पष्ट पारे।

नगरक्षेत्रभित्रका स्थायीबासी मुसहर पुरुष महिला दुवैलाई यो रकम उपलब्ध गराइने क्षत्रीको भनाइ छ। सानै उमेरमा विवाह गरी बच्चा जन्माउँदा मुसहर महिलाको स्वास्थ्यमा समस्या बढ्दै गएको क्षेत्रीले बताए। २० वर्ष नपुगी विवाह गर्न नपाइने व्यवस्था भएपनि मुसहर बस्तीमा बालविवाह भने यथावत नै छ।

अठारदेखि ६९ वर्ष उमेर समूहका मुसहरहरुको तीन वर्षे लघुजीवन बीमाबापत् रकम बर्दिबास नगरपालिकाले एकमुष्ठ एक लाख १९ हजार तीन सय ४५ जम्मा गरेको छ। बीमा 'लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स' लिमिटेड बर्दिबास शाखामा गरिएको छ।

नगरप्रमुख क्षेत्रीसहित बीमा कम्पनीका अधिकृत बस्तीमै पुगेर लघुजीवन बीमा गराइएको छ। गरिबी, अशिक्षा र सबैखाले अवसरबाट वञ्चित मुसहरलाई भइपरी आउने दुर्घटनामा राहत होस् भन्ने उद्देश्यले लघुजीवन बीमा गराइएको जनाइएको छ। बीमितले तीन वर्षपछि भवितव्य पर्दा एक लाख नगद पाउने लिवर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडका शाखा प्रमुख रवीन्द्रकुमार मिश्रले जानकारी दिए।

नगरपालिकाले बीमा गरिदिँदा स्थानीय सरकारबाट सहयोग पाइने आशा जागेको बस्तीकी ५८ वर्षीया मानकी सदाले बताइन। सोही बस्तीका ६६ वर्षीय सुकेश्वर सदा र २२ वर्षीया निशा सदाले लघुजीवन बीमा गरिदिएकोमा खुशी व्यक्त गरिन्।

मुसहर बस्तीकी ५७ वर्षीया रजिया सदाले आफ्ना नातिनातिनालाई २० वर्ष उमेर कटाएर मात्र बिहे गर्न सल्लाह दिने बताए। बर्दिबास-१४ को नमुना मुसहर बस्ती धुर्मुस सुन्तली फाउण्डेसनले बनाएर ५२ मुसहर परिवारलाई २०७४ साल वैशाख १ गते हस्तान्तरण गरेको थियो।


## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मुल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्णव्यापारिकक्रियाकलापगर्नगराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमितोमामहङ्गोमूल्यनिर्धारणगर्नपाईदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८